
# गाउँ शिक्षा योजना (२०८३-२०९२)




## नाम्खा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

यात्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

मिति २०८३ असार गतेको कार्यपालिका बैठकबाट स्वीकृत

# शुभकामना वा हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो गाउँपालिकाले यो गाउँ शिक्षा योजना तर्जुमा गरेको हो।

गाउँ क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धी सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षणसिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस गाउँ शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

हाम्रो विश्वास छ 'शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

अध्यक्ष

नाम्खा गाउँपालिका

याल्वाङ, हुम्ला

# विषय सूची

**शुभकामना वा हाम्रो भनाइ** ........ २
योजनाको सारांश ........ ५
विषय प्रवेश ........ ६
शिक्षा योजना निर्माणको आवश्यकता औचित्य ........ ६
स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ........ ७
शिक्षा योजना निर्माणका आधार ........ ७
शिक्षा योजना निर्माण प्रक्रिया ........ ८
योजनाको लेखाजोखा ........ ९
योजनाको दस्तावेजको स्वरूप ........ १०
परिच्छेद :१ परिचय ........ ११
१.१ वर्तमान अवस्था ........ ११
१.१.१. भौगोलिक अवस्थिति ........ ११
१.१.२ जनसाङ्खिक संरचना ........ १२
१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ १२
१.१.४ आर्थिक सन्दर्भः ........ १३
१.१.५ शैक्षिक अवस्थाः ........ १३
१.२ मुख्य समस्या विश्लेषण ........ १६
१.३ शिक्षा क्षेत्रका चुनौतिहरू ........ १८
१.४ अवसरः ........ १८
परिच्छेद २-: दुरदृष्टि,उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण ........ २०
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने अधार ........ २०
२.२ दीर्घकालीन सोच ........ २०
२.३ लक्ष्य ........ २०
२.४ उद्देश्यहरू ........ २०
२.५ रणनीतिहरू ........ २१
२.६ कार्यनीतिहरू ........ २२
२.७ अपेक्षित उपलब्धि ........ २३
२.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण ........ २४

परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू ........ २९
३.१ प्रारम्भिक बाल विकास र शिक्षा ........ २९
३.२ आधारभूत शिक्षा ........ ३६
३.३ माध्यमिक शिक्षा ........ ४१
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम ........ ४७
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ : ........ ५१
परिच्छेद ४ : अन्तरसम्बन्धित बिषय तथा क्षेत्र ........ ५५
४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक ,सिकाइ सामग्री तथा मूल्यांकन ........ ५५
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ६१
४.३ शैक्षिक समता र समावेशीकरण ........ ६९
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः ........ ७५
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता ........ ७९
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ८३
४.७ विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग ........ ८७
परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........ ९१
५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास ........ ९१
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........ ९७
परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन ........ १०२
परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन ........ १११
अनुसूची १: क्रियाकलाप अनुसार ५ वर्षको वित्तिय योजना ........ ११४
अनुसूची २: शिक्षा क्षेत्र योजना निर्माण समिति ........ ११५
अनुसूची ३: सरोकारवाला भेलाका केही फोटोहरू ........ ११६
अनुसूची ४: गाउँ शिक्षा योजना सम्बन्धि निर्णयहरू ........ ११७

# योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

नेपालको संविधानले सङ्घीय गणतान्त्रिक लोकतान्त्रिक शासन व्यवस्थालाई अङ्गीकार गरी तीन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ। संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ। यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन् । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भएअनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ। दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ। सङ्घीयता लागू हुनुपूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ आषाढमा समाप्त भई हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना कार्यान्वयनको कार्य अगाडि बढाएको छ। साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि मार्गनिर्देश गरेको अवस्था छ। नाम्खा गाउँपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ। यस योजनाको पहिलो ५ वर्षका लागि २३ करोड ८५ लाख ५४ हजार खर्च हुने अनुमान गरिएको छ।

# विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अहिले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि सबै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मान्दै आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले नाम्खा गाउँपालिकाले पनि शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि उपलब्ध मार्गदर्शन पछ्याएको छ।

# शिक्षा योजना निर्माणको आवश्यकता औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक रहेको छ। विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तनलाई आत्मसात् गर्नुका साथै सृजनशील, सक्रिय र आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यो स्थानीय शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

## स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पिएको छ। यसलाई व्यवस्थित र कानुनी आधार प्रदान गर्न नाम्खा गाउँपालिकाको शिक्षा ऐन २०७९ जारी भई कार्यान्वयनमा आएको छ। यसै गरी प्रादेशिक तथा सङ्घीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा राखेको छ। यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक क्षमता सहितको अनुसन्धानमूलक एवम् नेपालका विविध कला, संस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै उपयुक्त प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत् समुदाय र देशको विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। त्यसैले गाउँपालिकाले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकाले यो शिक्षा योजना निर्माण गरिएको हो ।थप औचित्य बुँदागत रूपमा यसप्रकार रहेका छन् :

क) तीनओटै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थपित गर्न

ख) सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

ग) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

घ) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

ङ) शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

## शिक्षा योजना निर्माणका आधार

नाम्खा शिक्षा क्षेत्र योजना तर्जुमाको प्रारम्भिक चरणमा योजना मस्यौदा लेखन कार्यदलमा छलफल भई नाम्खा शिक्षा योजना निर्माणको तयारी गरिएको थियो। योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

क) नेपालको संविधान २०७२

ख) सोह्रौं आवधिक योजना २०८१- २०८६

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (सन २०२३-२०२५)

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन  र स्थानीय तहको विकास योजना

ट) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ठ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

ड) विद्यालय अनुगमन प्रतिवेदनहरू

ढ) गाउँपालिकाका वार्षिक बजेटहरू

ण) गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू

## शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो । योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १५ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल सोह्रौं योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयन भइरहेको छ। हालसम्म योजना निर्माणको अभ्यासलाई सरसर्ती केलाउँदा समयका आधारमा तीनथरि (१-३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुईथरि (बृहत् र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ।

नाम्खा गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको थियो :

<u>योजना निर्माणको लागि प्रारम्भिक छलफल र शिक्षा योजना निर्माण कार्यदल गठन:</u> योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना भएका थिए । सो क्रममा शिक्षा योजना निर्माणको लागि आधार विकास नेपालको प्राविधिक सहयोगमा नाम्खा शिक्षा क्षेत्र योजना तर्जुमा गर्न कार्यपालिकामा छलफल भई पहिलोपटक २०८२ चैत्र १ गते नाम्खा शिक्षा योजना निर्माण समिति गठन गरिएको थियो।

<u>योजना निर्माणमा सूचना र सुझावका लागि सरोकारवाला भेला:</u> नाम्खा शिक्षा क्षेत्र योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा महिला ,बालबालिका शाखासँग प्रत्यक्ष सम्बन्ध राख्ने मौजुदा नीति तथा कार्यक्रम र कार्यविधिहरू बिश्लेषण गरी सूचना सङ्कलन गरिएको थियो।

योजाना निर्माणको क्रममा गाउँपालिकाका प्रमुखको प्रमुख आतिथ्यमा मिति २०८३ जेठ २७ गते एक दिने कार्यशाला आयोजना गरिएको थियो । यो कार्यशालामा पालिकाका सबै विषयगत शाखाहरूका जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र विपद् व्यवस्थापनका प्रमुखहरू साथै वडाध्यक्षहरू ,

,महिला स्वास्थ्य स्वयंसेविका बालक्लब प्रतिनिधि, बालविकास सहजकर्ता वा शिक्षक ,अभिभावक प्रतिनिधि लगायतको सक्रिय सहभागिता रहेको थियो।

<u>मस्यौदा तयारी</u> : शिक्षा योजना मस्यौदा लेखन कार्यदलको अगुवाइमा आधार नेपालको प्राविधिक सहयोगमा गाउँपालिकामा मिति २०८३ जेठ २२ र २७ गते शिक्षा सरोकारवालाहरूको कार्यशालामार्फत् सङ्कलित सूचनाका आधारमा मस्यौदा तयारीको कार्य सम्पन्न भएको थियो।

<u>मस्यौदा उपर सुझाव सङ्कलन</u> : शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समिति, गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठकमा छलफल र सुझाव सङ्कलन, गाउँपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन गरिएको थियो।

<u>अन्तिम मस्यौदा तयारी</u> : सरोकारवालाको राय-सुझाव मिलान गरी शिक्षा योजना मस्यौदा लेखन कार्यदलले अन्तिम मस्यौदा शिक्षा योजना निर्माण समितिलाई पेस गरेको थियो। उक्त समितिले बैठकमा छलफल गरी मूल्याङ्कन गराई कार्यपालिका बैठकमा पेस गर्ने निर्णय अनुसार कार्य अगाडि बढाइएको थियो।

<u>कार्यपालिका बैठकमा छलफल र स्वीकृति</u> : मिति २०८३ असार गतेको कार्यपालिकाको छलफल, स्वीकृति र निर्णयबमोजिम १० वर्षे नाम्खा शिक्षा क्षेत्र योजना आत्मसात्करण गर्दै कार्यान्वयनमा ल्याइएको हो।

## योजनाको लेखाजोखा

| क.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागीता | ▪ |
| २ | पर्याप्तता र सान्दर्भिकता | ▪ |
| ३ | समता, सक्षमता तथा गुणस्तर | ▪ |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | ▪ |

| | | |
|---|---|---|
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ▪ |
| ६ | स्रोतको प्रबन्ध | ▪ |
| ७ | संस्थागत क्षमता | ▪ |
| ८ | कार्यान्वयनमा तत्परता | ▪ |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ▪ |
| १० | अनुगमन र प्रतिवेदन | ▪ |

## योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् ।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था समावेश गरिएको छ। परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली उल्लेख गरिएको छ।

# परिच्छेद :१ परिचय

## १.१ वर्तमान अवस्था

नाम्खा गाउँपालिकाको समग्र शैक्षिक स्थितिको गुणस्तर तथा नतिजामा सुधार ल्याउनका लागि नाम्खा शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो । यस योजनाले गाउँपालिकामा समानता, समता, विविधता, पहिचान, विकास तथा समृद्धि स्थापनाका लागि र गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको र गर्ने लगानीको उपयुक्त तथा प्रशंसनीय प्रतिफल प्राप्तिमा सहयोग तथा आधार प्रदान गर्ने उद्देश्य तथा लक्ष्यका साथ यो योजनाको निर्माण गरिएको छ ।

सङ्घीयताको अवधारणा अनुसार आफ्नो शिक्षाको विकास आफैं गरौं भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयका समग्र पक्षहरूको सुधार, विद्यालय शिक्षा विकास तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजनाले उल्लेखनीय भूमिका खेलेको हुन्छ ।यस गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा आएको अवस्था रहेको छ । शिक्षा सरोकारवालासँगको अन्तरक्रिया साथै विद्यालय सुधार योजनालाई समेत विश्लेषण गरी यो योजना तयार गरिएको छ । शिक्षा क्षेत्रमा विगतमा नेपाल सरकारले लागु गरेका र हाल सञ्चालन भैरहेका कार्यक्रमहरूका सकारात्मक नतिजाहरूलाई स्थायित्व दिने सन्दर्भमा समेत यो दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्नु परेको हो । यस गाउँपालिकाको शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरूको समीक्षा गरिएको छ।

### १.१.१. भौगोलिक अवस्थिति

नाम्खा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा अवस्थित छ।यो कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सुदुर उत्तर पश्चिम भागमा अवस्थित रहेको छ । यो चिनको स्वसाशित क्षेत्र तिब्बतसगं जोडिएको छ। यो क्षेत्रफलका हिसावले नेपालक सबैभन्दा ठुलो गाउँपालिका हो जसको कुल क्षेत्रफल करिब २४१९.६४ वर्ग कि.मी रहेको छ। साविकको हेप्का, खगालगाउँ, मुचु र लिमी गा.वि.सहरू मिली बनेको यस गाउँपालिकामा हाल जम्मा ६ वटा वडाहरू रहेका छन। यसको पुर्वमा सिमकोट गाउँपालिका, पश्चिम र उत्तरमा चिनको तिब्बत क्षेत्र र दक्षिणमा बझाङ र बाजुरा जिल्ला रहेका छन। यहाँ एक मात्र जाति तामाङ(लामा)हरूको मात्र वसोबास रहेको छ। यिनीहरू बौद्ध धर्म मान्दछन। यहाँको मुख्य चाडपर्व सोनाम ल्होसार हो। यहाँ उवा, फापर, कोदो,आलु, चिनो, कागुनो, मकै, स्याउ, ओखर, चुली, खामु जस्ता खाद्यबालीहरू उत्पादन हुने गर्दछ । यहाँको जंगल सल्लो, धुपी, भोजपत्रले ढाकेको छ । यार्सागुम्बा, च्याउ, उत्तिस, कटुकी, जटामसी आदी जडिबुटीहरू यहाँको वन क्षेत्रमा उपलब्ध छन्। रणनीतिक रूपमा उत्तर दक्षिण जोड्ने स्थानमा रहेकाले व्यापार, पर्यटन, आवास र सेवा क्षेत्र विस्तारको सम्भावना उच्च छ।

## १.१.२ जनसाङ्खिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३५८९ रहेको छ। जसमा महिला १८३९ र पुरुष १७५० जना रहेका छन्। अर्थात, महिला ५१.२४% र पुरुष ४८.७६% छन्। यहाँको जनघनत्व १ प्रति वर्ग किमि रहेको छ। करिब ४% मानिसहरु कुनै न कुनै अपाङ्गता भएका छन्। यहाँ जम्मा ८४९ घरपरिवार बसोबास गर्दछन् जहाँ औसत परिवार संख्या ४.२३ रहेको छ।

*उमेरगत जनसङ्ख्या विवरण*

| उमेर समूह | महिला | पुरूष | जम्मा जनसंख्या |
|---|---|---|---|
| ०-४ वर्ष | १२२ | १३० | २५२ |
| ५-९ वर्ष | १२२ | १२६ | २४८ |
| १०-१४ वर्ष | ८१ | ९७ | १७८ |
| १५-१९ वर्ष | १०९ | ७५ | १८४ |
| २०-२४ वर्ष | १३८ | १३२ | २७० |
| २५-२९ वर्ष | १२७ | १६५ | २९२ |
| ३०-३४ वर्ष | १४४ | १४९ | २९३ |
| ३५-३९ वर्ष | १५५ | १४९ | ३०४ |
| ४०-४४ वर्ष | १५३ | १३० | २८३ |
| ४५-४९ वर्ष | ११७ | १३० | २४७ |
| ५०-५४ वर्ष | ११२ | १०१ | २१३ |
| ५५-५९ वर्ष | १०८ | ९८ | २०६ |
| ६०-६४ वर्ष | १११ | ७८ | १८९ |
| ६५-६९ वर्ष | ८० | ७० | १५० |
| ७०-७४ वर्ष | ७६ | ६८ | १४४ |
| ७५वर्ष भन्दा माथि | ८४ | ५२ | १३६ |
| **कुल जम्मा** | **१८३९** | **१७५०** | **३५८९** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

नाम्खा गाउँपालिका सामाजिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले ऐतिहासिक महत्व बोकेको क्षेत्र हो। यहाँ एक मात्र जाति तामाङ(लामा)हरूको बसोबास रहेको छ जसले बौद्ध धर्म मान्दछन्। यस गाउँपालिकाको प्रत्येक टोलहरूमा लामा जातिहरूको आस्थाको प्रतिक देवता मानिने बौद्ध गुम्बाहरू रहेका छन। यहाँको मुख्य चाडपर्व सोनाम ल्होसार हो।

नाम्खा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था एकल जातियुक्त तर गतिशील छ। भौगोलिक कठिनाइका बाबजुत साक्षरता, एकलजातीय संरचना र ऐतिहासिक धार्मिक पहिचान यसको मुख्य विशेषता

हुन्। तर तीव्र बसाईसराई, जलवायु परिवर्तनको जोखिम र लैङ्गिक असमानता जस्ता चुनौतीहरू पनि देखिन्छन्। तसर्थ, समावेशी विकास नीति, गाउँ फर्क नीति, जलवायु परिवर्तन कम गर्ने नीति र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन्।

### १.१.४ आर्थिक सन्दर्भः

नाम्खा गाउँपालिकाको हिल्सा व्यापारिक नाका तथा भगवान शिवको पवित्र बासस्थान कैलास पर्वत एवं मानसरोवर ताल दर्शन गर्ने प्रमुख मार्ग भएकाले यसको अर्थतन्त्र मुख्यतः व्यापार, पशुपालन तथा पर्यटन क्षेत्रमा केन्द्रित रहेको छ। यार्सागुम्बा, च्याउ, उत्तिस, कटुकी, जटामसी आदी जडिबुटीहरू यहाँको वन क्षेत्रमा उपलब्ध भएकाले जडिबुटि संकलन तथा व्यापार गरी आयआर्जनको स्रोत भएको छ। त्यसैगरी मौरी पालन आय आर्जनको अर्को स्रोत रहेको छ। यहाँ परम्परागत कृषि गतिविधि विद्यमान रहेता पनि अर्थतन्त्रको मुख्य आधार पर्यटन क्षेत्रमै सीमित भएको देखिन्छ।

नाम्खा गाउँपालिकाको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ। एकातर्फ, धार्मिक महत्वको स्थान तथा अनुपम प्राकृतिक सुन्दरताका कारण पर्यटनले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ परम्परागत कृषि प्रणाली, जडिबुटिको अबैध निकासी, उत्पादनलाई बजारीकरण तथा सीप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यमान छन्। तीव्र र केही हदसम्म बसाईसराईले दीर्घकालीन आर्थिक योजना र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ। त्यसैले स्थानीय सरकारले सीपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ। व्यवस्थित योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न सके नाम्खा गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ।
यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा ३ नं वडाको रानीसैना क्षेत्र, कैलाश पर्वत तथा मानसरोवर तालको साक्षात दर्शन गर्न सकिने लाप्चा, लिमी क्षेत्र, गुम्बा, तातोपानी क्षेत्र आदि रहेका छन्। कर्णाली नदीका सात वटा सहायक नदी मध्ये सबैभन्दा ठूलो हुम्ला कर्णाली तिब्बत क्षेत्रमा उत्पति भएर यस पालिकाबाट नेपाल प्रवेश गरी बहन्छ। त्यसैगरी, यहाँ धेरै पोखरी तथा हिमतालहरु अवस्थित छन्।

### १.१.५ शैक्षिक अवस्थाः

नाम्खा गाउँपालिका क्षेत्रफलका हिसाबले नेपालकै सबैभन्दा ठूलो गाउँपालिका एवं विकट भौगोलिक जटिलता भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमण चरणमा रहेको देखिन्छ। गाउँपालिकामा १ वटा सामुदायिक माध्यमिक विद्यालय, १४ वटा आधारभूत विद्यालय र १ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। तर बढ्दो बसाईसराईले केही

विद्यालय बन्द हुने अवस्थामा पुगेका देखिन्छन्। विषम भौगोलिक परिस्थितिले विद्यालयमा ईन्टरनेट, खेलमैदान तथा प्रयोगशाला जस्ता पूर्वाधार सबै विद्यालयमा समान रूपमा पर्याप्त छैनन्। गाउँपालिकाले आफ्नो शिक्षा नीतिमा **शत प्रतिशत भर्ना दर** पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ।

विद्यार्थी भर्ना दर शतप्रतिशत भए पनि टिकाउ दर वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाईंसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

यस गाउँपालिकामा विद्यालय, विद्यार्थी, विद्यार्थी भर्नादर, विद्यालय छाड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचकाङ्क र प्राविधिक शिक्षाको विद्यमान अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

*शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था*

| शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| प्रारम्भिक बाल कक्षा | ९ | ० | ९ | इसिईडी मात्र सञ्चालित विद्यालयहरू १ वटा |
| आधारभतू विद्यालय (कक्षा १-५) | १२ | ० | १२ | |
| आधारभतू विद्यालय (कक्षा १-८) | ३ | ० | ३ | |
| माध्यमिक विद्यालय (कक्षा १-१०) | ० | ० | ० | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) | १ | ० | १ | |
| सामुदायिक सिकाइ केन्द्र | १ | ० | १ | |

आधारभूत तर्फका कक्षा १-५ सञ्चालित विद्यालयहरू १२ रहेका छन् भने सोही तहका कक्षा १-८ सञ्चालन हुने विद्यालयहरू ३ ओटा रहेका छन । त्यसैगरी कक्षा १-१० र कक्षा १-१२ सञ्चालन हुने विद्यालयहरूको सङ्ख्या क्रमशः ० र १ ओटा रहेका छन् । माध्यमिक तह (कक्षा १-१२) सञ्चालित विद्यालयमा प्राविधिक धारतर्फ बाली विज्ञान पठनपाठन हुने गरेको छ।सङ्ख्यात्मक रूपमा शैक्षिक सस्थाहरूको अवस्था पर्याप्त नै देखिन्छ । यी संस्थाहरूको शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन सकेमा गाउँपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति विकास हुन जाने अवस्था देखिन्छ ।

*कक्षागत विद्यार्थी विवरण*

| कक्षा | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|
| | छात्रा | छात्र | अपाङ्गता भएका | जम्मा |
| प्रारम्भिक बाल विकास | ४५ | ८१ | ० | १२६ |
| १ | ४५ | ७९ | ० | १२४ |
| २ | ३१ | ४६ | ० | ७७ |
| ३ | ३९ | ४१ | ० | ८० |
| ४ | ३९ | ४४ | ० | ८३ |
| ५ | २९ | ४४ | ० | ७३ |
| ६ | २८ | ४४ | ० | ७२ |
| ७ | ३५ | ३४ | ० | ६९ |
| ८ | ३१ | ३७ | ० | ६८ |
| आधारभूत तह (बाल विकास देखी कक्षा ८) | **३२२** | **४५०** | **०** | **७७२** |
| ९ | २० | १५ | ० | ३५ |

| | | | | |
|---|---|---|---|---|
| १० | १० | २३ | ० | ३३ |
| ११ | ५ | ९ | ० | १४ |
| १२ | १ | ४ | ० | ५ |
| **माध्यमिक तह (९-१२) जम्मा** | **३६** | **५१** | **०** | **८७** |

स्रोतः EMIS-२०८२

*सममुदायिक विद्यालयका शिक्षक दरबन्दी विवरण*

| प्रारम्भिक बाल विकास | आधारभूत १-५ | | | | आधारभूत ६-८ | | | | माध्यमिक तह ९-१२ | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | दरवन्दी | राहत | अन्य | जम्मा | दरवन्दी | राहत | अन्य | जम्मा | दरवन्दी | राहत | अन्य | जम्मा | ५५ |
| | २५ | २ | ६ | ३३ | ३ | १ | ७ | ११ | १ | ० | १० | ११ | |
| | | | | | | | | | | | | | |

स्रोतः EMIS-२०८२

माथि उल्लेखित अलावा विद्यालयमा कार्यालय सहयोगी, विद्यालय नर्स, लेखापालहरू क्रमश ११,० र १ पनि कार्यरत छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस पालिकामा कुल साक्षरता दर ५१.१ प्रतिशत रहेको छ। जसमध्ये ६३.३ प्रतिशत पुरुष साक्षरता र ३९.३ प्रतिशत महिला साक्षरता दर रहेको छ।

## १.२ मुख्य समस्या विश्लेषण

नाम्खा गाउँपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर उल्लेखनीय भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ, र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अभिभावक शिक्षाको अभावले घर विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

**ख) गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम

विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

### ग) शिक्षक व्यवस्थापन

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधिमैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

### घ) भौतिक पूर्वाधार

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण—सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

### ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

### च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ।

### छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक

र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ

समग्रमा हेर्दा नाम्खा गाउँलिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

## १.३ शिक्षा क्षेत्रका चुनौतिहरू

नाम्खा गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ। लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ। जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुर्‍याउँछ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा नाम्खा गाउँपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

## १.४ अवसरः

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सघं संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण—सिकाइ, अनलाइन सामग्री र शिक्षक विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ। त्यस्तै,

स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले नाम्खा गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

# परिच्छेद २-: दुरदृष्टि,उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने अधार

शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाइ मूल आधार लिनु पर्दछ। यसका अतिरिक्त अन्य सान्दर्मिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्दछ।

क) नेपालको संविधान

ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,

ग) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)

घ) शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,

ङ) दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप

च) स्थानीय विकास योजना

छ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट

ज) Recovery and Accelerated Learning (ReAL) Plan २०२३-२०२८

झ) विद्यालय शिक्षामा समता रणनीति

ञ) राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८

ट) विद्यालयगत भए गरेका आयव्यय विवरण

ठ) सोह्रैं पञ्चवर्षिय योजना

## २.२ दीर्घकालीन सोच

प्रविधिमैत्री तथा सिपमूलक व्यावहारिक शिक्षा, नाम्खा गाउँपालिकाको इच्छा

## २.३ लक्ष्य

“शिक्षालाई सिप, सिपलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग जोड्दै नाम्खा गाउँपालिकालाई समुन्नत पालिकाको रूपमा निर्माण गर्ने”।

## २.४ उद्देश्यहरू

यस योजनाको प्रमुख उद्देश्य नेपालको संविधानले परिकल्पना गरेअनुसार शिक्षाको पहुँच, गुणस्तर, समता, दक्षता र सुशासनमा सुधार ल्याई सङ्घ र प्रदेश सरकारसँग समन्वय, सहकार्यका माध्यमबाट सबै नागरिकको जीवनोपयोगी र सिपमूलक शिक्षाको अवसर सुनिश्चित गर्नु हो । यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाहरूको पोषण, स्याहार, मनोरञ्जन सहितको प्रारम्भिक बाल शिक्षा, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु
२. सबै विद्यालयमा आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र सञ्चार प्रविधिको व्यवस्था मिलाई गुणस्तरीय र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गर्नु
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास एवम् विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु
४. अनौपचारिक तथा निरन्तर सिकाइका अवसर प्रदान गर्नु र शिक्षालाई सीप विकास र आयआर्जनसँग आवद्ध गर्नु
५. शैक्षिक सुशासन र व्यवस्थापनको सुदृढीकरण मार्फत् संस्थागत सक्षमता अभिवृद्धि गर्नु
६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता हुन सक्ने वातावरणको सृजना गर्नु
७. माध्यमिक तहसम्मको शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार ब्रेल लिपि तथा साङ्केतिक भाषा सहितको  सिकाइमा पहुँच सुनिश्चित गर्नु
८. संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वय सुदृढ बनाउनु ।

## २.५ रणनीतिहरू

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई पोषण, स्याहार, मनोरञ्जन सहितको एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने। (१)
२. बाल विकास कक्षाको समय अतिरिक्त यसलाई शिशु स्याहार केन्द्रको रूपमा समेत व्यवस्थापन गर्दै जाने।(१)
३. अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षाका गुणस्तरका मापदण्ड विकास गरी सोका आधारमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने ।(१)
४. लोपोन्मुख, अति सिमान्तकृत, दलित, द्वन्द्वपिडित, अति विपन्न समूहका र जोखिममा रहेका बालबालिकालाई सुविधा (सेवा) प्रदान गर्ने।(१)
५. सबै विद्यालयलाई मापदण्डमा आधारित आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र स्रोत साधनले युक्त प्रतिस्पर्धात्मक तथा प्रभावकारी सिकाइ वातावरणको सुनिश्चित गर्ने(१)
६. सूचना, सञ्चार तथा प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री जनशक्तिमार्फत गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने (२)
७. सीपयुक्त र उद्यमशील जनशक्ति विकास गर्न आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको अवसर प्रदान गर्ने ।(३)
८. वडा तहमा रहेका निरन्तर शिक्षा एवम् आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरूको विकास तथा सुदृढीकरण गर्ने।(२)
९.  अति विपन्न समुदायका व्यक्तिहरूलाई स्वरोजगार बनाउन सिपमुलक कार्यक्रम संचालन गर्ने(४)

१०. विद्यालयको शैक्षिक व्यवस्थापनलाई सक्षम निष्पक्ष पारदर्शी र जवाफदेही बनाउन वडा शिक्षा समिति, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको सक्षमता विकास गर्ने (५)
११. भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरी न्यूनतम जनशक्तिको व्यवस्थापन गर्दै बृहत विद्यालयमा विकास गर्ने।(५)
१२. विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयमा उत्थानशील पूर्वाधार एवम् वैकल्पिक सिकाइ प्रणाली विकास गर्ने ।(६)
१३. अपाङ्गता मैत्री विद्यालय वातावरण सिर्जना गर्ने र अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच गुणस्तरीय सिकाइ तथा सिकाइ समस्याहरूमा सहजीकरण गर्ने ।(७)
१४. अपाङ्गता तथा कार्यगत सिमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न सुधार एवम् मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउने ।(७)
१५. सामाजिक न्याय एवम् समताका लागि विद्यमान विभेद, हिंसा, दुर्व्यवहार तथा कुरीति अन्त्य गर्न विद्यालय र समुदायमा रहेका विभिन्न सञ्जालहरू परिचालन गरी अभिभावक जागरण अभिवृद्धि गर्ने ।(१)
१६. संघ र प्रदेश सरकारबाट जारी भएका नीति र कार्यक्रमहरूसँग समन्वय हुने गरी आफ्ना नीति तथा कार्यक्रमहरू निर्माण एवम् कार्यान्वयन गर्ने ।(८)

## २.६ कार्यनीतिहरू

१. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारी सञ्चालनका लागि संघ, प्रदेश र गाउँपालिका एवम् गैरसरकारी संघ संस्थाहरुसँग लागत साझेदारी गरी स्रोत सुनिश्चितता गरिनेछ।
२. शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
३. निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइ व्यवस्था मिलाई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।
४. लक्षित समूहका बालबालिकालाई सेवाक्षेत्र रहेको सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र गैरसरकारी निकायको सक्रियतामा विद्यार्थी भर्ना र घरदैलो कार्यक्रमलाई निरन्तरता दिइने तथा विद्यालय उमेर समूहका कुनै पनि वालबालिका विद्यालयबाहिर नरहेको घोषणा गरिनेछ
५. विद्यालयमा विद्यार्थी ल्याउन, टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण, आवासिय विद्यालय जस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
६. स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान मार्फत न्युनतम विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरीनेछ।
७. लागत साझेदारी कार्यक्रममार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ।

८. माध्यमिक शिक्षालाई पूर्णरूपमा निःशुल्क गरिनेछ। अति विपन्न र पिछडिएका समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ।

९. विषयगत शिक्षकहरूको पेशागत समूह बनाई छलफल तथा अन्तर्क्रिया आयोजना गरिनेछ। कक्षा अवलोकन, मूल्याङ्कन र पृष्ठपोषण लिने/दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिनेछ।

१०. जनप्रतिनिधि, कर्मचारी, पेशाविद, निवृत्त शिक्षक, कार्यरत शिक्षकहरूको समूह बनाई निरीक्षण र सुपरिवेक्षणको कार्यमा उपयोग गरिनेछ।

११. विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गरिनेछ

१२. विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ।

१३. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ।

१४. विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ।

१५. शिक्षक र विद्यार्थीसङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ।

१६. माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१७. प्रत्येक ३ वर्षमा कक्षा ५ को विद्यार्थी उपलब्धि परीक्षण गरिनेछ। प्रत्येक वर्ष कक्षा ८ मा गाउँपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ। कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धी परीक्षणको रूपमा उपयोग गरिनेछ।

१८. अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

## २.७ अपेक्षित उपलब्धि

१. शिक्षक. विद्यार्थी, अभिभावक र स्थानीय सरकारमा शिक्षा सुधारमा जिम्मेवारीको भावना बढ्ने

२. विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर बढ्ने

३. शिक्षक शिक्षक, विद्यार्थी विद्यार्थी, शिक्षक विद्यार्थी, विद्यालय समुदाय र विद्यालय स्थानीय सरकारबिचको सम्बन्ध सुदृढ हुने

४. शिक्षा क्षेत्रको विकासका लागि सरकारको बजेट वृद्धि हुने

५. पालिकाभित्रका बालबालिकाहरुले टाढाको विद्यालयमा गई महङ्गो शुल्क तिरेर अध्ययन गर्नुपर्ने वाध्यताको अन्त्य हुने

६. विद्यालयीय शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना भएर अध्ययन गर्ने अनुकूल वातावरण हुने

७. विद्यालयहरु सिकाइ संस्थाका रुपमा विकास हुने

८. शिक्षाका सरोकारवालाहरुको ध्यान नाम्खा गाउँपालिकाको शिक्षा विकासका लागि बढ्ने
९. जिम्मेवारीपूर्ण शिक्षणसिकाइको आत्मसात्करण हुने
१०. शिक्षक विद्यार्थीको नियमिततामा वृद्धि हुने
११. शिक्षणसिकाइमा प्रभावकारिता बढ्ने
१२. पालिकास्तर र जिल्लास्तरमा सञ्चालन हुने परीक्षाको नतिजामा उल्लेख्य सुधार आउने
१३. स्थानीय स्रोतसाधनको उपयोगिता बढ्ने
१४. विद्यार्थीहरुमा जीवन उपयोगी प्राविधि सिप अभिवृद्धि हुने
१५. विद्यालय परिसर हरियालीयुक्त हुने
१६. सर्वसाधारणमा शिक्षाको महत्वबोध हुने
१७. जनताको जीवनस्तरमा सुधार आउने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । सूचकहरुमा राष्ट्रिय तथा प्रदेशगतरुपमा आधार वर्ष र स्थानिय तहको आधार वर्षको आधार लिइ तय गरिएको छ।

योजनाले योजना अवधिभर हासिल गर्नु पर्ने मुख्या कार्यसम्पादन सूचक तथा लक्षहरू देहायबमोजिम तय गरिएको छ। आधारभूत सूचनाको अभाव रहेका सूचकमा लक्ष्य प्रक्षेपण गरिएको छैन ।

तालिका :प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१.** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | | | |
| १.१ | कुल भर्नादर | १०१.० | ११२.६ | १००.२ | ९५.९ | | १०० | | १०४ | १०० | ९९ | १०१ | १०० | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ७०.२ | ७८ | ७४.७ | ९० | | ८० | १०० | | ९० | | | ९७ | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ८८ | ८६.२ | | ९० | ९० | ८१ | ९३ | ९५ | ८५ | ९५ | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८२-०८३ नाम्खा गाउँपालिका, फ्ल्यास रिपोर्ट ,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १४१.१ | १५७.४ | २१४.० | १०६ | ११० | १७५ | | १०० | १५० | | | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९३.७ | ९३.८ | ९४.० | ९९ | ९९ | ९६ | ९८.१ | ९९ | ९९ | | | ९९ | |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | १३०.८ | १३३.४ | १३९.६ | ११२ | ११५ | १०७ | ११८ | १०५ | १०५ | | | १०० | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९४.४ | ९४.९ | ९४.७ | ९८.४ | १०० | ९७ | १०० | ९८.१ | १०० | १०० | ९९.५ | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | | ३.८ | ४.१ | ३ | ४.० | ४ | ४ | ४ | | | ४ | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | | १३.० | २८.१ | ३० | ३० | ३० | ३० | ३० | | | ३० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२.७** | कक्षा १- ८ मा कुल भर्नादर | १२४.८ | १२९.८ | १२९.२ | १११.८ | ११२ | ११५ | १११ | ११० | ११० | १०० | १०६ | १०५ | |
| **२.८** | कक्षा १- ८ मा खुद भर्नादर | ९४.१ | ९४.४ | ९३.६ | ९७ | ९९ | ९७ | ९७ | १०० | ९९ | १०० | ९९ | ९९.५ | |
| **२.९** | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १ | ०.९५ | १ | १ | १ | १ | १ | १ | | | | |
| **२.१** | कक्षा ८ मा टिकाउ दर | ८६.५ | ८७.९ | ८२.३ | ९०.९ | | ८८ | ९९.५ | | ९५ | ९९ | | ९९ | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८०.२ | | **८०.३** | ८६.९ | | | ९९ | | | ९८ | | | राष्ट्रिय जनगणना २०७८<br>EMIS data २०८२-०८३<br>नाम्खा गाउँपालिका, फ्ल्यास रिपोर्ट ,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| २.१२ | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | | २.५ | | ४ | ३ | | ४ | ३ | | | | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | | २०.० | | ३० | २५ | | ३० | ३० | | | | |
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | ४.५ | १ | | २ | ० | | १ | ० | | | |
| **३.** | **माध्यमिक शिक्षा** | | | | | | | | | | | | | |
| **३.१** | कुल भर्नादर कक्षा ९- १० | ९९.१ | १०४.९ | १०६.८ | १०५.६ | ११५. | ९८ | १०९ | ११० | १०० | १०९ | | १०० | |
| **३.२** | खुद भर्नादर कक्षा ९- १० | ७५.८ | ७१.९ | ७२.६ | ८१.४ | ७७.५ | ८० | ९६.४ | ९० | ९० | ९६.५ | | ९२ | |
| **३.३** | कुल भर्नादर कक्षा ९- १२ | ८०.६ | ९४.० | ८०.३ | ३७.२ | ९०.५ | ७५ | ९७ | ९५ | ८५ | ९० | १०० | | |
| **३.४** | खुद भर्नादर कक्षा ९- १२ | ५५.८ | ५५.० | ५७.५ | ५८.१ | ५७.५ | ६० | ७२.१ | ७० | ६५ | | ६५ | ७५ | |
| **३.५** | कुल भर्नादर कक्षा ११- १२ | ६३.३ | ८४.३ | ४४.४ | ७७.३ | ७७.१ | ४० | ८५.८ | ८५.५ | ६० | | | ७५ | |
| **३.६** | खुद भर्नादर कक्षा ११- १२ | ३७.१ | ४०.० | ३७ | ४०.१ | ४२.५ | ३५ | ६२.२ | ६५.५ | ४५ | ७४.३ | | ७० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३.७** | कक्षा १० सम्मको टिकाउ दर | ६६.९ | ६७ | ६७.७ | ९७.८ | | ७५ | ७५ | | ८५ | ८५ | | ९५ | |
| **३.८** | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ | | ४६ | ४२.७ | | ४५ | ५२.३ | | ५५ | ५५.२ | | ६० | |
| **३.९** | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | | ६ | | ५ | ५ | | ६ | ५ | | | ५ | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८२-०८३ नाम्खा गाउँपालिका, फ्ल्यास रिपोर्ट ,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| **३.१०** | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ३० | २१ | १२ | | ३० | २५ | | ३० | २५ | | | ३० | |
| **३.११** | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | | ३ | | ४ | ३ | | ५ | ४ | | | ४ | |
| **३.१२** | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ४० | ४२ | १० | | ४० | ३४ | | ३० | ३२ | | | ३०. | |
| **३.१३** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.९ | १.०३ | १ | १.०५ | | १ | १ | | | | | |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | | | |
| ४.१ | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ५१.१ | ९६ | ८० | ७५ | १०० | १०० | ८५ | | | ९५ | |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९२ | | | ९९ | | | १०० | ९५ | | | | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | ७५ | | | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | | |
| **५.१** | आधारभूत तह | ५४. | ३० | २५.३३ | ५० | ३७ | ४० | ५० | ४५ | ४५ | | | ५० | |
| **५.२** | माध्यमिक तह | १९. | १४ | १३ | २५ | २० | २० | ३० | २५ | ३० | | | ४० | |
| ६. **प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता)** | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **६.१** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ४८ | | ४० | ६३ | | ६० | ९० | | ८० | | | | |
| **६.२** | आधारभूत विद्यालय | १३.४ | | | ७० | | | ९५ | | | | | | |
| **६.३** | माध्यमिक विद्यालय | | | | ६० | | | ९० | | | | | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | | | | | | | |
| **७.१** | कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत | १०.७५ | | ७ | १७ | | १० | २० | | १५ | २० | | २० | |
| **७.२** | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च (हजारमा) | २० | | ३६ | २१ | | ४० | २४ | | ४० | | | ४० | |
| **७.३** | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च (हजारमा) | १४ | | ३९ | १५ | | ४० | १७ | | ४० | | | ४० | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

गुणस्तरीय शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ। सोही संविधान अनुसार शासकीय स्वरूप अनुरूप देशको विकास तथा समृद्धिको लागि तीन तहको सरकारको समन्वय, सहकार्य, सहयोग तथा लगानी जरुरी छ। स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायत पर्दछन् । यी क्षेत्रहरूमा यस नाम्खा गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता भए अनुसार यस गाउँपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

नाम्खा गाउँपालिकामा हाल जम्मा ११ वटा बिद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। यी केन्द्रहरूमा कुल १३० जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये जना ८८ छात्र र ४२ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्या १५० रहेको आधारमा सहजै देखिने भर्नादर ८६.६७ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या १२० रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ९२.३१ प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या ८ (०.९५प्रतिशत), जनजाति बालबालिकाको संख्या ७७३ (९१.५९ प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको संख्या १८ रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका सामुदायिक विद्यालयको संख्या ९ रहेको छ, जुन कुल संस्थागत विद्यालयको ६० प्रतिशत हो। न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा नाम्खा गाउँपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ११ | ८८ | ४२ | १३० | | | ० | | | ० |
| संस्थागत | ० | | | ० | | | ० | | | ० |
| जम्मा | ११ | ८८ | ४२ | १३० | | | ० | | | ० |

नाम्खा गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल नाम्खा गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ समस्या र चुनौतीहरू

नाम्खा गाउँपालिकामा प्रारम्भिक बाल विकास उमेर समूहको जनसङ्ख्या र प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुन आएका बालबालिकाहरूको गाउँपालिकाको सङ्ख्यालाई केलाउँदा सबै प्रारम्भिक बाल विकास उमेर (३-४ वर्ष ) समूहका सबै बालबालिकाहरूलाई वालविकास केन्द्रमा समावेश गर्न नसक्नु , प्रारम्भिक बालशिक्षामा कार्यरत शिक्षकहरूको तलब न्यून हुनु , सबै शिक्षकहरूका लागि गुणस्तरीय तथा प्रविधि मैत्री तालिम सञ्चालन हुन नसक्नु, कक्षाकोठाको पर्याप्त भौतिक व्यवस्थापन तथा सिकाइ बालमैत्री हुन नसक्नु र आवश्यक पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू, र सूचना तथा सञ्चार सम्बन्धी सामग्रीको व्यवस्थापन हुन नसक्नु, साथै सानो उमेर समूहका विद्यार्थी भएका कामकाजी अभिभावकको लागि बालबालिका विद्यालय समयभित्र लैजान र ल्याउन समस्या हुने र अन्यन्त्र विद्यालयमा पठाउनुपर्ने समस्या प्रमुख समस्याको रूपमा रहेकाछन्।

बालविकास केन्द्रहरूमा उचित र पर्याप्त भौतिक तथा शैक्षिक पूर्वाधारको स्थापना तथा व्यवस्थापन, बालविकास सहजकर्ताहरूको लागि उचित तथा न्यूनतम पारिश्रमिक व्यवस्थापन, सबै अभिभावकहरू तथा सरोकारवालहरूको अझै पनि पूर्णरूमा बाल शिक्षा प्रति ध्यान जान नसक्नु, बालविकास केन्द्रहरूमा बालमैत्री वातावरण तथा दक्ष सहजकर्ताहरूको अभाव साथै बालबालिका सङ्ख्याको आधारमा सबै बालविकास केन्द्रहरूमा सहजकर्ताहरूको अभाव पूरा गर्नु अहिलेका चुनौती हुन।

### ३.१.४ः लक्ष्य

क) प्रारम्भिक बाल विकास उमेर (४ वर्ष) समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा बालविकासको दायरामा ल्याउने,

ख) प्रारम्भिक बाल विकास उमेर (३-४ वर्ष) समूहभन्दा कम उमेरका बालबालिकालाई शिशु स्याहार केन्द्रमा रहने व्यवस्था गर्ने,

ग) प्रारम्भिक बालविकास कक्षाहरू सिकाइ सामग्री तथा सूचना तथा सञ्चार सामग्री युक्त बनाउने, प्रारम्भिक बालविकास शिक्षकहरूलाई तालिम प्राप्त बनाउने र निर्धारित शैक्षिक योग्यता हासिल गर्ने व्यवस्था मिलाउने,

घ) प्रारम्भिक बालविकास शिक्षकहरूको पारिश्रमिक न्यूनतम जीवन निर्वाहमुखी बनाउने र

ङ) प्रारम्भिक बाल शिक्षा तथा विकासमा समतामूलक पहुँच र गुणस्तरमा सुधार गर्ने ।

### ३.१.५ः उद्देश्य

क) पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षालाई अधिकार र कर्तव्यका रूपमा स्थापित गर्नु।

ख) आधारभूत शिक्षाको आधारका रूपमा प्रारम्भिक बालशिक्षालाई विकसित गर्नु ।

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

### ३.१.६ः रणनीति तथा कार्यनीतिहरू

क) बालविकास केन्द्र सञ्चालनको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट उक्त उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालकेन्द्रित एवम् खेलविधिबाट सिक्ने अवस्था सुनिश्चित गरिनेछ।

ख) प्रारम्भिक बालविकास कक्षालाई शिशु स्याहार केन्द्रको रूपमा समेत विकास गर्नको लागि जनशक्ति सहित थप आवश्यक व्यवस्थापन गर्दै लगिनेछ।

ग) अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सिप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइ प्रदेश र गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

घ) प्रारम्भिक बाल विकास शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

ङ) शिक्षकलाई अवलोकन भ्रमण मार्फत सिकाइका अनुभवहरू आदान प्रदान गर्ने अवसर प्रदान गरिनेछ।

च) निर्देशिकाको मापदण्ड बमोजिमको बाल विकास व्यवस्थापनका लागि बालमैत्री कक्षा कोठा व्यवस्थापन, सिकाइ लगायतका अन्य सामग्रीहरूको व्यवस्थापनमा विद्यालयसँग सहकार्य र सहयोग गरिनेछ।

छ) बाल विकाससँग सम्बन्धित शिक्षक निर्मित सिकाइ सामग्रीहरूको विकास गरी प्रयोगमा जोड दिइनेछ।

ज) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

झ) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

ञ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ट) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

ठ) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

ड) लागत सहभागिता अभिवृद्धि गर्ने,

ढ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ण) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

त) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

थ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.७ अपेक्षित उपलब्धि

क) प्रारम्भिक बाल विकास उमेर (३-४ वर्ष ) समूहका सबै बालबालिका बालविकास केन्द्रमा गएका हुनेछन् ।

ख) कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिकाहरू बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास भई आधारभूत शिक्षाका लागि सक्षम भएका हुनेछन् ।

ग) प्रारम्भिक बाल विकास कक्षाहरू भौतिक पुर्वाधारयुक्त र शैक्षिक सामग्रीको व्यवस्था सहितको सिकाइमैत्री हुनेछन् ।

घ) सबै प्रारम्भिक बाल विकास शिक्षकहरू उच्च क्षमता विकास भएका हुनेछन् ।

ङ) प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुनेछन्।

प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | | १ | १ | १ | १ | ४ | ११ | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | ओटा | २ | ३ | ३ | ३ | | ११ | ११ | |
| १० | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घ संस्थाहरूको सहभागीता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | सहयोगी (आया) को व्यवस्था | जना | | २ | २ | २ | २ | ८ | | |
| १९ | न्यूनतम मापदण्ड पूरा गरेका नमुना बालविकास केन्द्रहरू स्थापना गरिनेछ। | वडा | ० | १ | १ | १ | १ | ४ | ४ | |
| २० | प्रारम्भिक वालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | पटक | | | १ | | | १ | २ | |

# ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत-साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

नाम्खा गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ७५७ , शिक्षक दरबन्दी ४४ र शिक्षक-विद्यार्थी अनुपात १:१७ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ३, जनजाति ५३८ र अपाङ्गता भएका बालबालिका १८ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १४ | ३९९ | ३५८ | ७५७ | २ | १ | ३ | ९ | ९ | १८ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १४ | ३९९ | ३५८ | ७५७ | २ | १ | ३ | ९ | ९ | १८ |

नाम्खा गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। केही सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ समस्याहरू तथा चुनौतीहरू

**समस्याहरू**

क) आधारभूत तहमा विद्यालय उमेरका केही प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहनु,
ख) अस्थायी एवम् मौसमी बसाइँसराइका कारण विद्यालयमा भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाई राख्न नसक्नु,
ग) सार्वजनिक विद्यालयप्रतिको आकर्षणमा अभिवृद्धि गर्न नसक्नु,
घ) विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध नहुनु,
ङ) सबै विद्यालयमा सुविधाजनक भौतिक पूर्वाधारको विकास गर्न नसक्नु,

**चुनौतीहरूः**

क) विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउनु,
ख) गुणस्तरीय शिक्षाका लागि बालमैत्री, प्रविधि मैत्री, समतामूलक र समावेशी वातावरण निर्माण गरी बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्नु,
ग) विद्यार्थीको वैयक्तिक रुची, चाहना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता काम गर्नु,
घ) अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई उनीहरूको सिक्ने शैली अनुसारको सिकाइ वातावरण तयार गर्नु,
ङ) विद्यालय र कक्षाकोठालाई बालमैत्री तथा प्रविधिमैत्री बनाउनु,
च) शैक्षिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु र सुशासनको प्रत्याभूति दिनु,
छ) सबै विद्यालयको शिक्षणमा समान गुणस्तर कायम गर्नु जस्ता यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

### ३.२.४ लक्ष्य

सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने

### ३.२.५ उद्देश्य

क) प्रारम्भिक बालविकासको अनुभवसहित अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको सबैमा पहुँच सुनिश्चित गरि गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
ख) आधारभूत तह सञ्चालित विद्यालयहरूको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु,
ग) विद्यालयहरूको प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार गरी जवाफदेही बनाउनु

### ३.२.६ रणनीति तथा कार्यनीतिहरू

#### *३.२.६.१ आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाइ सबैको पहुँच सुनिश्चित गर्ने ।*

क) सबैका लागि अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षा सुनिश्चत गर्न जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुख, अति सिमान्तकृत र दलित समूहका विद्यार्थीको सिकाइमैत्री वातावरण तथा सिकाइ अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ

ख) अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान एवं लेखाजोखा गरी सिकाइका अवसरहरू प्रदान गर्न वैयक्तिक सहयोग एवम् सिकाइ सामग्रीहरूको प्रबन्ध गरी आवासीय र विशेष शिक्षाको व्यवस्था गरिनेछ।

ग) आवश्यकताका आधारमा सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गरिनेछ।

घ) सङ्घीय सरकार र प्रदेश सरकारसँगको समन्वय, तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा ल्याइने छ।

### *३.२.६.२ . सबै बालबालिकाहरूलाई बालमैत्री वातावरण सहितको गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने ।*

क) गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री, सूचना प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ।

ख) विद्यालयमा मापदण्ड बमोजिम “ ग्रेटर वा मेघा स्कुल” को व्यवस्था गरिनेछ।

ग) भौगोलिक अवस्था र जनसङ्ख्या बनौटका आधारमा विद्यालय नक्साङ्कनका गरी विद्यालय एकीकरण लगायतका कार्यका सरोकारवालाको सहकार्य र सहयोग गरिनेछ।

घ) पाठ्यक्रमले निर्धारण गरेको स्थानीय पाठ्यक्रम वा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी लागू गरिनेछ।

ङ) विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि विद्यालयलाई सहयोग गरिनेछ।

च) हाल सञ्चालित विद्यालयहरू मध्ये केही विद्यालयहरूलाई नमुना उन्मुखका रूपमा छनोट गरी सञ्चालन गरिनेछ।

छ) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज, तथा व्यवस्थित गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

### ३.२.७ अपेक्षित उपलब्धिहरू

क) आधारभूत तह कक्षा (१-५) र कक्षा (१-८) को खुद भर्ना दर शत प्रतिशत भएको हुने

ख) सबै विद्यालयहरूमा आधारभूत पूर्वाधारहरू विकास भएको हुने

ग) सूचना प्रविधिको ल्याब, ईलाइब्रेरी र स्मार्टबोर्डको शिक्षण सिकाइमा प्रयोग भएको हुने

घ) स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री विकास एवम् प्रयोग भएको हुने

ङ) समावेशी शिक्षाका लागि विद्यालयहरूको पूर्वाधार एवम् सिकाइ वातावरण सुदृढ भएको हुने

च) विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित एवम समावेशी रूपमा सञ्चालन भएको हुने ।

आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | | १ | | | १ | १ | |
| २ | दरबन्दि पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ का छात्रालाई स्यानिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | ५ | ५ | ५ | | १५ | १५ | |
| ८ | Early Grade को न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ६० | १२० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | शैक्षिक सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| २१ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| २२ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |
| २३ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतको व्यवस्थापन | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | २० | |
| २४ | शिक्षक पेशागत प्रणाली विकास र कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २५ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति तथा कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको शिक्षा सुधारका लागि विशेष शैक्षिक सामग्री सहयोग र छात्रवृत्ति | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी किटान गरेको छ। माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला पनि हो । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था मौलिक हक मार्फत सुनिश्चित गरेको छ। संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ। नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन कार्य स्थानीय तहको जिम्मेवारी भित्र रहेको छ। सो व्यवस्थालाई सफल कार्यान्वयन गर्नका लागि शिक्षाका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरिएको छ। विद्यालय अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमता राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको छ। नाम्खा गाउपलिका भित्र माध्यमिक तहको शिक्षामा पहुँचको अवस्था भौगोलिक अवस्थामा कठिनाइ भएता पनि समतामूलक पहुँचको सुनिश्चितताका साथै गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउन शिक्षालाई जीवन र प्रविधिसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति तथा कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको शिक्षा सुधारका लागि विशेष शैक्षिक सामग्री सहयोग र छात्रवृत्ति प्रदान गर्न आवश्यक देखिन्छ।

## ३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा १ ओटा कक्षा १२ सम्म सञ्चालित माध्यमिक सामुदायिक विद्यालय सञ्चालनमा छ । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार हुने क्रममा छ। कक्षा ९-१०, ११-१२ र ९-१२ को खुद भर्नादर क्रमशः ७२.६, ३७ र ५७.५ प्रतिशत *(EMIS २०८२)* मात्र पुगेको देखिनु साथै कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ सम्म पुग्ने दर कम रहेको छ।

नाम्खा गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ८७, शिक्षक दरबन्दी ७ र शिक्षक-विद्यार्थी अनुपात १:१२ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित १, जनजाति ३६ र अपाङ्गता भएका बालबालिका ० रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १ | ३८ | ४९ | ८७ | ० | १ | १ | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १ | ३८ | ४९ | ८७ | ० | १ | १ | ० | ० | ० |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको नाम्खा गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

### ३.३.३ समस्या तथा चुनौतीहरू

**समस्याहरूः**

क) माध्यमिक तहमा विषयगत शैक्षिक योग्यताका शिक्षकहरूको दरवन्दी पर्याप्त नहुनु

ख) कक्षा कोठाको सिकाइ प्रविधि मैत्री र व्यावहारिक बनाउन नसकिनु

ग) शिक्षणलाई अनुसन्धानमूलक बनाउन नसक्नु

घ) सबै विद्यालयमा पहुँचयुक्त भौतिक पूर्वाधार तथा सिकाइ वातावरण तयार गर्न नसकिनु,

ङ) माध्यमिक तहको बीचमा लिइने एसइइ परीक्षाले माध्यमिक शिक्षा कति कक्षासम्म हो भन्ने स्पष्ट बुझाई हुन सकेको छैन। एसइइ परीक्षाले कक्षा ९-१० र कक्षा ११ -१२ को तहलाई दुईतिर टुक्र्याइदिएको छ। जसले गर्दा एसइइ परीक्षालाई बढी महत्व दिन जाँदा कक्षा ११- १२ मा विद्यार्थीहरू अन्यत्र सहरतर्फ गई अध्ययन गर्ने तर स्थानीय विद्यालयहरूमा अध्ययन नगर्ने अवस्था बनेको छ।

च) माध्यमिक शिक्षा निःशुल्क र समतामूलक पहुँच सुनिश्चित गर्न पर्याप्त स्रोतको अभाव हुनु मुख्य समस्याको रूपमा रहेका छन् ।

**चुनौतीहरूः**

क) सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,

ख) विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु,

ग) शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु,

घ) विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु, आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु विद्यालय व्यवस्थापन समितिलाई विद्यालयप्रति जवाफदेही बनाउनु,

ङ) प्रधानाध्यापकको क्षमता विकास गर्नु,

च) माध्यमिक तहको विज्ञान, गणित र अङ्ग्रेजी विषयका अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारहरू उपलब्ध नहुनु

### ३.३.४ लक्ष्य

क) सामाजिक तथा आर्थिक कारणले पिछडिएका, अपाङ्गता तथा कार्यगत सीमितता भएका, विविध कारणले बहिष्करणमा परेका प्रभावित बालबालिकाको सहभागिता तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने,

ख) विद्यालय छोड्ने दर, कक्षा दोहोर्‍याउने दर लगायतका शैक्षिक क्षति कम गरी टिकाउदर कायम गर्ने

ग) व्यावहारिक र गुणस्तरीय शिक्षामार्फत स्वरोजगार, उद्यमशील तथा प्रतिस्पर्धी एवम् सिपयुक्त जनशक्तिको उत्पादन गरी उच्च शिक्षाको लागि आधारशिला तयार गर्ने

### ३.३.५ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.६ रणनीति तथा कार्यनीतिहरू

**१. माध्यमिक शिक्षामा लक्षित समुदायको पहुँच र अवसरमा वृद्धि गर्न निःशुल्क शिक्षामा जोड दिने ।**

क) माध्यमिक शिक्षा निःशुल्क गरी पहुँच वृद्धि, समतामा सुधार र सहभागिताको अवसरमा वृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ख) अपाङ्गता भएका बालबालिका लगायत लक्षित समुदायका बालबालिकाको समावेशी पुहँच र गुणस्तरीय शिक्षाको लागि आवश्यकताअनुसार आवासीय विद्यालय सञ्चालन गरिनेछ।

ग) विपद् तथा महामारीका कारण भएको सिकाइ क्षतिको आपुरण (Learning Loss Recovery) एवम् न्यूनतम सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्ने विद्यार्थीहरूको लागि सिकाइ सहयोगका कार्यक्रम गरिनेछ।

घ) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका सबै विद्यार्थीलाई भित्र ल्याउन व्यवस्था गरिनेछ।

ङ) सिकाइलाई कक्षाकोठामा सीमित नगरी विद्यार्थीलाई व्यावसायिक, औद्योगिक, पेशागत र जनजीविकाका क्षेत्रमा लगेर सिकाउने व्यवस्था गरिनेछ।

**२. माध्यमिक तहको प्राविधिक शिक्षाको विस्तार र गुणस्तर सुधार गर्ने ।**

क) माध्यमिक तहको शिक्षामा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा विस्तार गरिनेछ।

ख) सामुदायिक विद्यालयमा बिज्ञान प्रयोगशाला एवं भौतिक पूर्वाधार विकास गरिनेछ।

ग) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

**३. माध्यमिक तहको साधारण शिक्षालाई आवश्यकताको आधारमा विस्तार गर्ने ।**

क) सामुदायिक विद्यालयका विज्ञान प्रयोगशाला एवम् भौतिक पूर्वाधार विकास गरिनेछ।

ख) गाउँपालिकाको पायक स्थानमा रहेको कुनै एक माध्यमिक विद्यालयको विज्ञान प्रयोगशालालाई पालिकाभित्रका सम्पूर्ण शिक्षकहरूले प्रयोगात्मक अभ्यास र अतिरिक्त अनुसन्धान गर्नसक्ने विज्ञान प्रयोगशालाको रुपमा परिष्कृत गर्दै लगिने छ।

ख) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

**४. शिक्षाको गुणस्तर अभिवृद्धिको लागि शिक्षक व्यवस्थापन र अभिलेखीकरण गर्ने।**

क) न्यून दरबन्दी भएका विद्यालयहरूलाइ एउटै धारमा ल्याई “मेघा स्कुल” को अवधारणा सहित आवासको व्यवस्था गरि कार्यान्वयनको पहल गरिनेछ।
ख) पठनपाठनका विषय र कक्षाको अनुपातमा शिक्षक कम तर विद्यार्थीको सङ्ख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थालाई सन्तुलनमा ल्याइनेछ।
ग) शिक्षकहरूको शिक्षण विधि र प्रविधि प्रयोगको क्षमता विकास गरिनेछ।
घ) सबै शिक्षक तथा शिक्षाकर्मीलाई प्रत्येक वर्ष कम्तीमा एउटा शिक्षा विकास वा शिक्षणसँग सम्बन्धित अनुसन्धान गर्न लगाइनेछ।
ङ) अनुभवी एवम् योग्यता प्राप्त विषयगत शिक्षक सम्मिलित विज्ञ समूहबाट समेत कक्षा शिक्षण अवलोकन, पृष्ठपोषण र नमुना शिक्षणको व्यवस्था गरिनेछ।

### ३.३.७ अपेक्षित उपलब्धिहरू

१) दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने
२) प्राविधिक धारको शिक्षामा बालबालिकाको पहुँच वृद्धि भएको हुने ।
३) शिक्षण विधि र प्रविधिको विकास र प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने ।
४) पाठ्यक्रमका आधारमा पाठ्यसामग्रीहरूको विकास गरी कार्यान्वयन हुने ।
५) सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको लगायतका शैक्षिक पूर्वाधार विकास तथा प्रयोग भएको हुने ।
६) विद्यालय मर्ज र दरबन्दी मिलानको समस्यालाई एकीकृत रुपमा समाधान गर्न पालिकागत रूपमा विद्युतीय बस सञ्चालन गरी विद्यालयहरूलाई फरकफरक तहगत ब्लक र फरक फरक समयमा सञ्चालन गरएको हुने।

माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्लय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | विव्यस, शिअसङ्घ पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग र छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ४०० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति तथा कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको शिक्षा सुधारका लागि विशेष शैक्षिक सामग्री सहयोग र छात्रवृत्ति | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

# ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा, रोजगारीका अवसरहरूको सृजना गाउँपालिकाको विकास तथा देशको समृद्धिको आधार हो । यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल प्राविधिक शिक्षा तथा तालिम परिषद्बाट सञ्चालित कार्यक्रमहरू, विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा सङ्घीय व्यवस्थाबमोजिम सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहने गरी प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को व्यवस्था गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ ओटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ ओटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६)। यस पालिकामा १ ओटा सामुदायिक विद्यालय महाबौद्ध माध्यमिक विद्यालय याल्वाङमा वनस्पति विज्ञान सञ्चालनमा रहेको छ।

### ३.४.२ समस्या तथा चुनौतीहरू

**समस्याहरूः**

क) समयमै नयाँ शिक्षा ऐन आउन नसक्नु, र प्रदेशबाट तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, २०७५ कार्यान्वयनमा आउन नसक्नु,

ख) प्राविधिक शिक्षालाई योजनबद्ध रूपमा सञ्चालन गर्न नसक्नु र गाउँपालिकामा प्रर्याप्त योग्य र दक्ष जनशक्ति नहुनु यस क्षेत्रको विकास र विस्तार समस्याको रूपमा रहेका छन् ।

**चुनौतीहरूः**

क) दक्ष् जनशक्तिको उत्पादन गर्नु

ख) कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयमा आधारित प्राविधिक शिक्षा तथा तालिम परिषद् मार्फत् सञ्चालित शैक्षिक कार्यक्रमहरूका बिचमा एकरूपता कायम गर्दै समान गुणस्तर सुनिश्चत गर्न समन्वयत्मक भुमिका निर्वाह गर्नु, आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ३.४.३ : लक्ष्य

क) प्राविधिक विद्यालयहरूमार्फत प्राविधिक शिक्षा एवं सिपमूलक तालिममा स्थानीय युवाहरूको आकर्षण र पहुँचमा विस्तार गर्नु

ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार तथा गुणस्तर अभिवृद्धिको लागि सहयोग तथा समन्वय गर्ने ।

### ३.४.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्नु

२. मागका आधारमा सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गर्न सहयोग गर्नु

३. सिकाइलाई उद्यमशीलता तथा रोजगारीसँग आबद्ध गर्न मद्धत गर्नु

४. प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन तथा सुपरिवेक्षण गर्नु ।

### ३.४.५ रणनीति तथा कार्यनीतिहरू

**रणनीतिहरूः**

**१) रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एव व्यवसायिक शिक्षा र तालिमको विस्तार गर्ने**

क) प्राविधिक शिक्षालयमा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।

ग) प्राविधिक शिक्षाको सञ्चालन सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गरिनेछ।

घ) गाउँपालिका भित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको अभिलेखीकरण गरी परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गरी तिनलाई रोजगारीमा आबद्ध गरिनेछ।

**२) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गर्ने ।**

क) ज्ञान तथा सिपमा आधारित भई छोटा अवधिका तालिम दिने प्रबन्ध मिलाइनेछ।

ख) गाउँपालिका भित्र आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ।

ग) प्राविधिक तथा व्यावसायिक शिक्षालाई उच्च विशेष दक्षतासहितको जनशक्ति र कमाई गरी खाने हाते सीप युक्त जनशक्ति गरी दुई भागमा विभाजन गरी सोही अनुसार पाठ्यक्रम तयार गरी सक्षम र कमजोर दुवै थरिका विद्यार्थीलाई अनुकूल हुने व्यवस्था गरिनेछ। सोको लागि संघीय र प्रादेशिक सरकारका सम्बन्धित निकायसँग आवश्यक तालमेल र समन्वय गरिनेछ।

ग) गाउँपालिकामा आवश्यक पर्ने सिपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि समन्वय गरिने छ।

**३) प्राविधिक तथा व्यावसियक शिक्षा र तालिमको संस्थागत क्षमता अभिवृद्धि गर्ने**

क) निरीक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिनेछ।

ख) प्राविधिक शिक्षालयको विकास तथा विस्तारका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यमूलक अनुसन्धानको ढाँचामा सञ्चालन गरिनेछ।

ग) निरीक्षणबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिनेछ।

### ३.४.६ अपेक्षित उपलब्धि

१) प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

२) प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयको प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण भएको हुने ।

३) सामुदायिक विद्यालयमा उद्यमशिलता प्रवर्धन कार्यक्रम भएको हुने ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | १ | १ | | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा( बाली विज्ञान इत्यादि ) कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | ओटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ :

साक्षरता शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ समाज रूपान्तरणको सशक्त माध्यम शिक्षा हो । शिक्षा विभिन्न प्रकारले प्राप्त गर्न सकिन्छ। विद्यालय, विश्वविद्यालयबाट दिइने नियमित शिक्षा, औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने अनौपचारिक शिक्षा, आदि पर्दछन् । त्यसै गरी गर्भावस्थादेखि मृत्यु पर्यन्त देखेर, सुनेर, गरेर, आकस्मिक रूपमा सिक्ने अनियमित शिक्षा, औपचारिक शिक्षा पद्धति भन्दा बाहिर मानवीय जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने माध्यम नै अनौपचारिक शिक्षा हो । मानव सभ्यताको विकाससँगै मानिसले कुनै न कुनै रूपमा अनौपचारिक शिक्षा पद्धतिको अभ्यास गर्दै आएको छ। सिकाइ मानिसको गर्भावस्था देखि मृत्यु नहुँदासम्म निरन्तर चलिरहन्छ । तसर्थ सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनिन्छ । ज्ञान, विज्ञान र प्रविधि एक पटक सिकेर जीवनभर रहदैन । समय र परिस्थिति बमोजिम सिकाइमा निरन्तरता आवश्यक छ। विभिन्न क्षेत्रमा ज्ञान, सीप र प्रविधि हासिल गर्नुपर्ने आवश्यकता अझ बढेर गएको छ। प्रत्येक व्यक्तिमा रुची, क्षमता र आवश्यकता बमोजिम समयानुकूल ज्ञान, सीप र प्रविधिको विकास गर्नु आवश्यक छ।

### ३.५.१ वर्तमान अवस्था

यस पालिकामा १ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेको छ । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सीपमूलक कार्यक्रम, चेतनामूलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ। केन्द्रले आयआर्जनका लागि समूह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ। नाम्खा गाउँपालिकाको साक्षरता दर ५१.१ प्रतिशत रहेको छ। जस्मा महिला साक्षरता दर ३९.३ प्रतिशत र पुरूषको साक्षारता दर ६३.६ प्रतिशत (राष्ट्रिय जनगणना २०७८) रहेको छ। यसकारण नाम्खामा अनौपचारिक शिक्षाका कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ।केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ।गुम्बा जस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेकोप्रौ ढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.५.२ समस्या तथा चुनौतीहरू

क) नवीनतम मान्यताअनुसार कार्यमूलक साक्षरताको अवधारणा कार्यान्वयन हुन नसक्नु,
ख) अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय हुन नसक्नु,
ग) नीतिगत एवम् संस्थागत संरचना एवम् साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउन नसक्नु,

घ) बेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कका अभावमा शिक्षालाई सीपसँग जोड्ने कार्यक्रम तर्जुमा गर्न नसक्नु,

**३.५ ३ लक्ष्य**

क) साक्षरता अभियान सञ्चालन गर्ने, आर्थिक रूपले पछाडि परेका समुदायमा आय आर्जन गर्ने र निरन्तर शिक्षाको

ख) कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने

ग) अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गरी समावेशी तथा समतामूलक समाजको निर्माण गर्नु ।

**३.५.४ उद्देश्य**

नाम्खा गाउँपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्देश्य देहाय बमोजिम हुनेछ

क) नियमित शिक्षाको अवसरबाट बञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा जीवन पर्यन्त शिक्षाका माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरण गराई जीवनयापन सहज र गुणस्तरीय बनाउनु,
ख) औपचारिक शिक्षासँग तादात्म्यता कायम राखी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्नु ,
ग) गाउँपालिका भित्र सामुदायिक पुस्तकालय संचालन गर्ने
घ) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी निरन्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।

**३.५.५ रणनीति तथा कार्यनीतिहरू**

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसार रणनीति र कार्यनीतिहरू अवलम्बन गरी कार्यान्वयनमा सफलता प्राप्त गरिनेछ :-

**१. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने**

क) गाउँपालिका भित्र रहेका किसान, मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपलाई अद्यावधिक गरी सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा उनीहरूलाई परिचालन गरिनेछ।

ख) जनचेतना र निरन्तर शिक्षाका कार्यक्रमहरू रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम सञ्चालन गरिनेछ र त्यसका लागि आवश्यक सामग्री उत्पादन र प्रसारण गर्न सञ्चार माध्यमहरूसँग सहकार्य गरिनेछ।

ग) साक्षरता शिक्षा साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालनमा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

घ) अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**२. सामुदायिक सूचना केन्द्रको सुदृढीकरण गर्ने ।**

क) सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सूचना स्रोतको रूपमा विकास गरी वडाका तथ्याङ्क स्रोतक रूपमा विकास गरी निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकता अनुसार साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

ख) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरी समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरिनेछ।

### ३.५.६ प्रमुख कार्यक्रमहरू

कार्यक्रमहरू

क) ज्ञान र सीपको अद्यावधिकीकरण तथा प्रमाणीकरण
ख) जनचेतना र निरन्तर शिक्षाका कार्यक्रम विकास, उत्पादन तथा प्रसारण
ग) साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, जीवनपर्यन्त शिक्षा तथा लक्षित वर्गको आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन
घ) सेवाक्षेत्रभित्रको साक्षरता सम्बन्धी तथ्याङ्क व्यवस्थापन सामुदायिक पुस्तकालय (elibrary समेत) सञ्चालन अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन

### ३.५.७ अपेक्षित उपलब्धीहरू

१) नाम्खा गाउँपालिका साक्षर गाउँपालिका कायम रहने, प्रदेशसँगको समन्वय र निजी क्षेत्र गैससँगको सहकार्य
२) अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,
३) निरन्तर सिकाइका विभिन्न कार्यक्रमहरू नियमित सञ्चालन भएको हुने,
४) सामुदायिक सिकाइ केन्द्रको पुनर्संरचना भै आ-आफ्नो सेवा क्षेत्रमा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी सम्बन्धी सूचना र युवा तथा प्रौढहरूको आजीवन सिकाइको स्रोत केन्द्रका रूपमा विकास हुने, र
५) आयआर्जनका कार्यक्रमहरूबाट लक्षित समूह लाभान्वित भएको हुने ।
६) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भइ औपचारिक शिक्षामा निरन्तरता भएको हुने ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक केन्द्रमा सूचना तथा सञ्चारप्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | | | | १ | १ | |
| ५ | कम्तिमा बाल कक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | ओटा | | १ | १ | १ | | ३ | ६ | सङ्घ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह | | | | | | | | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित बिषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक ,सिकाइ सामग्री तथा मूल्यांकन

पाठ्यक्रम विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको योजना हो । पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएको हुन्छ। यसले समग्र शैक्षिक प्रणालीको मार्गदर्शन गर्दछ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने प्रमुख दायित्व शिक्षकको हो । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयनका लागि तालिमको आवश्यकता पर्दछ। पाठ्यक्रमको प्रभावकारी मापनको आधार मूल्याङ्कन हो । शैक्षिक सुपरीवेक्षण, विद्यालय व्यवस्थापनले पाठ्यकम कार्यान्वयनलाई नै प्रभावकारी बनाउँछ। पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्था गरिएको छ। यसलाई राष्ट्रिय प्रारूप ढाँचा तथा योग्यता प्रारूप ढाँचाबाट निर्देशित गरिएको हुन्छ । विद्यमान विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि कक्षा ८ सम्म एक/एक ओटा विषय स्थानीय पाठ्यक्रम वा मातृभाषा रहने व्यवस्था गरिएको छ। यसको पाठ्यक्रम विकास तथा कार्यान्वयनको अधिकार स्थानीय तहहरूलाई दिइएको छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहले सबै शिक्षकहरूको क्षमता विकास तथा यसको कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने व्यवस्था छ।

### ४.१.१ वर्तमान अवस्था

नाम्खा गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति र सिप समेटिएको स्थानीय पाठ्यक्रम विकास गरी हाल परीक्षणको क्रममा छ। यसलाई व्यवस्थित गर्न स्थानीय पाठ्यपुस्तक विकास गरी लागु गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विषय पाठ्यपुस्तकसंग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धी मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिप समेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, नाम्खा गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

नाम्खा गाउँपालिकामा वि सं २०८२ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले निःशुल्क व्यवस्था मिलाएको छ। गाउँपालिकाले शैक्षिक सत्र २०८२ देखी अङ्ग्रेजी भाषाको मोहको कारणले अन्यन्त्र विद्यालयमा विद्यार्थी पलायन हुने समस्या रोक्नको लागि गाउँपालिकाका कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई गणित, विज्ञान लगायतका विषयमा अङ्ग्रेजी र नेपाली दुवै माध्यम भाषाका पाठ्यपुस्तक उपलब्ध गराई द्विभाषिक माध्यम मार्फत अंग्रेजी भाषिक सीपको विकास गर्ने प्रयास गरिएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास लालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

### ४.१ .२ समस्या तथा चुनौतीहरू

**समस्याहरूः**

क) पाठ्यक्रम तथा अनलाइनमा आधारित सिकाइ तथा मूल्याङ्कन क्रियाकलाप सञ्चालन नहुनु

ख) सिकाइमा प्रविधिको प्रयोग तथा प्रयोगात्मक शिक्षण सिकाइका लागि सबै शिक्षकको क्षमता विकास हुन नसक्नु,

ग) पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,

घ) सिकाइ सामग्रीको उत्पादन, सङ्कलन र प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सक्षम बनाउन नसक्नु, पठनपाठन शैलीलाई स्थानीय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशअनुसार बनाउन नसक्नु,

**चुनौती**

क) थप पाठ्यसामग्रीको मूल्याङ्कन गर्ने संयन्त्रको विकास हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन् ।

ख) तोकिए बमोजिमका स्थानीय विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्रोतसामग्रीको विकास गरी पाठ्यपुस्तकको दायराभन्दा बाहिरबाट सिक्ने सिकाउने वातावरण तयार गर्नु,

### ४.१.३ लक्ष्य

क) सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु,

ख) खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास तथा कक्षाकोठा क्रियाकलापमा रूपान्तरणको अवस्था सुनिश्चित गर्नु,

ग) जातजाति, सांस्कृतिक विशिष्टता र भौगोलिक परिवेशअनुसार पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको विकास लागि ढाँचा निर्धारण गरी पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु,

घ) नाम्खा गाउँपालिकाभित्र मातृभाषा र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनसम्बन्धी विषय शिक्षकहरूबीच अनुभव र सहयोग आदानप्रदान लगायतका चुनौतीहरू रहेका छन् ।

ङ) स्वीकृत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री विकास तथा प्रयोग गरी गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्ने ।

च) विद्यार्थीको आन्तरिक मूल्याङ्कनतर्फको परियोजना/ प्रयोगात्मक मूल्याङ्कनको तेस्रो पक्ष परीक्षण (Evaluation Audit )गर्ने प्रबन्ध गर्ने।

### ४.१.४ उद्देश्य

क) जीवनोपयोगी र गुणस्तरीय मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु ।

ख) मातृभाषा, स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय र शिक्षकलाई प्राविधिक सहयोग गर्नु ।

### ४.१.४ रणनीति र कार्यनीतिहरू

**१. स्थानीय विषयको कक्षागत पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्ने**

क) विज्ञ समूह तयार गरी स्थानीय पाठ्यक्रम परिमार्जन, शिक्षक निर्देशिका तथा स्रोत सामग्री विकास गरिनेछ।

ख) विकास गरिएका स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री कार्यान्वयनमा शिक्षकका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ।

**२. स्थानीय पाठ्यकम कार्यान्वयनको लागि सरोकारवालाहरूको क्षमता विकास तथा सहयोग गर्ने ।**

क) स्थानीय विषयहरूको पठनपाठनलाई व्यवहारिक बनाउन विद्यालयहरू तथा समुदायमा प्रयोगात्मक अभ्यासको वातावरण सिर्जना गरिनेछ।

ख) अवलोकन र अनुभूतिबाट सिक्न "मौलिक र व्यावहारिक क्रियाकलाप" अवधारणा कार्यान्वयन अन्तर्गत विद्यार्थीलाई आफ्ना परम्परा तथा संस्कृतिसँग परिचित गराइनेछ।

ग) आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक /परियोजनागत सिकाइ अन्तर्गत महिनामा कम्तीमा एक हप्ता सबै विषयको एकीकृत प्रयोगात्मक/परियोजनागत सिकाइ सप्ताह सञ्चालन गरी घोकन्ते कक्षाको साटो व्यवहारिक र कार्यगत सिकाइलाई बढावा दिइनेछ।

### ४.१.४ अपेक्षित उपलब्धिहरू

क) स्थानीय पाठ्यक्रम परिमार्जन तथा शिक्षक निर्देशक र पाठ्यसामग्री विकास तथा कार्यान्वयन भएको हुने

ख) सबै विद्यालयहरूमा "एकिकृत पाठ्यक्रम" कार्यान्वयन भएको हुने ।

ग) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने

पाठ्यक्रम र पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | सङ्ख्या | ३० | ३० | | | | ६० | १०० | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | | | | | | | | | |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी | सबै विद्यालयका कक्षा १ देखि ३ | १३ | १३ | १३ | १३ | १३ | ६५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | | | | | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | गणित विज्ञान लगायतका विषयमा अङ्ग्रेजी भाषाका थप पाठपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षाको प्रमुख तत्त्व शिक्षक हो। शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्ड अनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् ।

नाम्खा गाउँपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासंग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न २०८२ को हिउदे गाउँसभाबाट शिक्षक दरबन्दी मिलान कार्यविधि निर्माण गरी पारित गरिएको छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। गाउँपालिकामा दक्ष र तालिम प्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमता माथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि गाउँपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

नाम्खा गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका ११, आधारभूत तहका ५३, माध्यमिक तहका ७ गरी जम्मा ७१ जना शिक्षकहरूले अध्यापन वा सहजीकरण गरिरहेका छन् ।

## ४.२.२ समस्या तथा चुनौतीहरू

**समस्याहरूः**

क) दक्ष शिक्षकहरूलाई आकर्षण गर्न र टिकाउनका लागि वृति विकासका अवसरहरू कम हुनु

ख) शिक्षक व्यवस्थापनमा विद्यालय, स्थानीय तह, प्रदेश र सङ्घीय तहबाट गर्नुपर्दा एकआपसमा समन्वयमा कमी

ग) प्राविधिक शिक्षा र विज्ञान विषयका शिक्षकहरूलाई अध्यापन अनुमतिपत्रको व्यवस्था अनिवार्य हुनु

घ) प्राविधिक शिक्षा सञ्चालनमा रहेका विद्यालयका शिक्षकहरूलाई तालिममा समेट्न नसक्नु समस्याको रूपमा रहेकाछन् ।

ङ) स्थायी शिक्षक नहुँदा करारमा शिक्षक राख्दा पेशागत अस्थिरता भएको छ। शिक्षणलाई अर्को पेशामा नफड्किएसम्म टेक्ने अस्थायी खुड्किलोको रूपमा बुझ्नाले शिक्षकले आफ्नो पेशागत विकासमा ध्यान नदिई गुणस्तरीय सिकाईमा समस्या परेको छ।

**चुनौतीहरूः**

क) विषयगत शिक्षकको सङ्ख्या सन्तुलित नहुनु

ख) तालिममा सिकेका ज्ञान तथा सिप कक्षा कोठामा प्रयोग नहुनु

ग) शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जवाफदेहि बनाउन नसक्नु

घ) विद्यालय सुपरिवेक्षण तथा सहयोग प्रणालीको विकास तथा कार्यान्वयन हुन नसक्नु

ङ) शिक्षण पेशा आकर्षणको पेशा बन्न नसकिरहेको अवस्थामा सक्षम विषय शिक्षकले अध्यापन अनुमतिपत्र प्राप्त गर्न लामो समय र प्रक्रिया पार गर्नुपर्ने भएकोले त्यसतर्फ नलाग्ने बरु अन्य पेशागत क्षेत्र रोज्ने भएकोले अनुमति पत्रको व्यवस्थाले झनै योग्य शिक्षकको अभाव गराएको छ।

च) दण्ड र पुरस्कार प्रणालीको विकास र कार्यान्वयन तथा शिक्षालाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु चुनौतीका रूपमा रहेकाछन् ।

## ४.२.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

## ४.२.४ उद्देश्य

क) शिक्षक व्यवस्थापनलाई चुस्त बनाई विषयगत शिक्षकको उपलब्धताका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्नु,

ख) शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जवाफदेही बनाउनु,

ग) शिक्षकको पेशागत विकास एवम् अनुभव आदानप्रदानका अवसर प्रदान गर्नु ।

घ) शैक्षिक र शैक्षणिक सामग्रीसहितको डेडिकेटेड क्लासरूमको अवधारणा कार्यान्वयनमा ल्याउनु।

### ४.२.५ रणनीति तथा कार्यनीतिहरू

**१. शिक्षक व्यवस्थापनलाई चुस्त बनाउने ।**

क) गाउँपालिका भित्रका विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापनमा प्रविधिको प्रयोग गरिनेछ।

ख) शिक्षक छनोट, भर्ना, बढुवा, तालिम, मूल्याङ्कन तथा प्रोत्साहन प्रणालीलाई पारदर्शी एवम् अनुमानयोग्य बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

ग) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि थप वैज्ञानिक र पूर्वानुमान योग्य बनाउन सङ्घ र प्रदेशसँग सहकार्य गरिनेछ।

घ) उत्कृष्ट शिक्षक, कर्मचारी र प्रधानाध्यापकलाई वार्षिक रूपमा प्रमाण पत्र तथा नगद पुरस्कारबाट सम्मान गरी प्रोत्साहन गरिनेछ।

ङ) शिक्षक, प्रधानाध्यापक विद्यालय कर्मचारीको पुरस्कार तथा दण्ड सजायको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

च) लामो अध्ययन बिदा, विरामी बिदा साथै सुत्केरी बिदामा रहेका शिक्षकको अभाव पूर्तीका लागि तलबी करार शिक्षकको व्यवस्थापन गर्ने कार्य गरिनेछ।

**२. विद्यालयमा कक्षागत र विषयगत शिक्षक उपलब्ध गराउने ।**

क) विविध कारणले शिक्षक विदामा रहेको बेलामा वा दरबन्दी पूर्तिको क्रममा रहेको बेलामा विद्यालयमा शिक्षक अभाव हुन नदिन तथा विधागत रूपमा विशेष दक्षता आवश्यक पर्ने विषयवस्तु शिक्षण सिकाइका लागि घुम्ती शिक्षकको व्यवस्थापन वा परिचालन गरिनेछ।

ख) स्वयम्सेवक शिक्षक एवम् विज्ञको समूह सूची (रोस्टर) निर्माण गरी विद्यालयमा शिक्षण गर्न अवसर दि प्रोत्साहन गरिनेछ।

ग) खेलकुद संगीत, कला र प्रविधिसँग सम्बन्धित विषय क्षेत्र सहजीकरणको लागि गाउँपालिकामा क्रमश घुम्ती स्रोत शिक्षकको व्यवस्थापन गरिनेछ। यस कार्यको सहजीकरणको लागि हाल गाउँपालिकाले व्यवस्थापन गरिराखेको शिक्षक दरबन्दीलाई क्रमश घुम्ती शिक्षक दरबन्दीमा रूपान्तरण गर्दै लगिनेछ।

**३. प्रधानाध्यापक तथा शिक्षकको पेसागत दक्षता विकास गर्ने ।**

क) नवप्रवेशी शिक्षक, प्रधानाध्यापक तथा युवा स्वयम् सेवक शिक्षकहरूलाई अभिमुखीकरण गरी कार्यथलोमा पठाइनेछ।

ख) आवश्यकताअनुसार एवम् मागमा आधारित पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकहरूको पेशागत सक्षमता अभिवृद्धि गरिनेछ।

ग) विषयगत समिति तथा स्वयम् सेवक विज्ञ समूह निर्माण गरी कार्यथलोमा आधारित नियमित, आकस्मिक र आमन्त्रित स्वरूपको शिक्षक सहयोग एवम् सुपरिवेक्षण प्रणाली अवलम्बन गरिनेछ।

घ) शिक्षकहरूको क्षमता विकासका लागि विषयगत /थिमगत आधारमा सिकाइका लागि अनलाइन / आमनेसामने सम्मेलन, गोष्ठी र कार्यशाला सञ्चालन गरी सिकाइका अवसरहरू प्रदान गरिनेछ।

ङ) निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

च) शिक्षक तालिमलाई तालिम हलमा मात्र होइन कक्षा कोठा / कार्यस्थलमा आधारित प्रयोगात्मक तालिमको रुपमा विकास गर्ने।

छ) विद्यालय स्तरमा सम्बन्धित विषयका विभिन्न  तहका शिक्षकहरूको समूह/ संयन्त्र निर्माण गरी सबै तहका सबै विद्यार्थीको विषयगत पठनपाठनमा  तादम्यता मिलाइ सिकाइमा हुनसक्ने तहगत र कक्षागत खाडल र न्यूनतालाई निवारण गरिनेछ।

**४. प्रधानाध्यापक तथा शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जिम्मेबार बनाउने ।**

क) प्रधानाध्यापकलाई विद्यालयको समग्र नतिजाप्रति र शिक्षकलाई आफूले अध्यापन गरेको विषय र कक्षाको विद्यार्थी सिकाइ उपलब्धि तथा नतिजाप्रति उत्तरदायी बनाइनेछ।

ख) विद्यालयका प्रधानाध्यापकहरूसँग गाउँपालिकाको शिक्षा महाशाखाले र विद्यालयका शिक्षकहरूसँग विद्यालयका प्रधानाध्यापकले निर्धारित सूचकका आधारमा कार्यसम्पादन करार सम्झौता गरी हासिल उपलब्धिलाई प्रोत्साहन पद्धतिसँग आवद्ध गरिनेछ।

ग) प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरिनेछ।

**५. पेसागत क्षमता विकासका लागि अनलाइन / भर्चुअल माध्यमका तालिम र शिक्षक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।**

क) माग र आवश्यकताका आधारमा अनलाइन / भर्चुअल तालिम सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

ख) अनलाइन अफलाइन सामग्री विकासका अतिरिक्त एप्सहरूको विकास र प्रयोग गर्न प्रोत्साहन गरिनेछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट सञ्चालित लर्निङ पोर्टल प्रयोगमा अभिमुख गरिनेछ।

(ग) अनलाइन मार्फत शिक्षककहरूको लागि योग्यता वृद्धि तथा तालिमका लागि Professional degree तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्न खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

घ) शिक्षककहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

ङ) प्रधानाध्यापक र शिक्षककहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अन्तर्क्रिया तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ४.२.६ अपेक्षित उपलब्धिहरू

क) शिक्षक व्यवस्थापन चुस्त एवम् पारदर्शी हुने

ख) युवा स्वयम्सेवक तथा घुम्ती शिक्षकको व्यवस्थापन भएको हुने

ग) प्रधानाध्यापक तथा शिक्षककहरूको क्षमता विकास भएको हुने

घ) तालिम सञ्चालनको सम्बन्धमा विद्यालय, गैरसरकारी संस्थाहरूसँग सहकार्य भएको हुने सूचकका आधारमा प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन / सुपरीवेक्षण र पेसागत सहयोग संयन्त्रको विकास र परिचालन भएको हुने

ङ) अनुगमन, सुपरिवेक्षण र पेसागत सहयोगबाट सिकाइ वातावरणमा सुधार भएको हुने

च) अनलाइन/भर्चुअल पद्धती मार्फत शिक्षकको पेसागत क्षमता विकास भएको हुने

छ) प्रत्येक वर्ष मापदण्डका आधारमा उत्कृष्ट विद्यालय शिक्षक, कर्मचारी एवम् प्रधानाध्यापक नाम्खा गाउँपालिकाबाट सम्मानित भएको हुने

ज) शिक्षकको व्यक्तिगत विवरण अभिलेख डिजिटाइजेसन भई व्यवस्थित भएको हुने

झ) विद्यालय एवम् मेन्टोरिङमा आधारित तालिका पद्धतिको विकास भई सञ्चालन भएको हुने,

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | २ | २ | २ | २ | २ | १० | २० | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | ओटा | | १ | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह |
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षिक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| १० | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत् सिकाइ उपलव्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| १३ | एकीकृत  पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितीय सिप एकीकृत तालिमको व्यवस्था | जना | २० | २० | | | | ४० | ४० | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | |
| १५ | एकीकृत पाठ्यक्रममा  पठन तत्त्व तथा  एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको व्यवस्था | पटक | | | | | १ | १ | | |
| १६ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | | १ | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै) प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने | सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने<br>प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने<br>प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने<br>शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने<br>दिगो र प्रभावकारी रूपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेप्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | | | | | | | | | |
| २० | विद्यालयमा शिक्षक आवासको व्यवस्था गर्ने (आधारभूत सामग्रीसहित) | आवस्यकता | | | | | | | | |
| २१ | शैक्षिक र शैक्षणिक सामग्रीसहितको डेडिकेटेड क्लासरूमको अवधारणा कार्यान्वयन | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १५ | |

# ४.३ शैक्षिक समता र समावेशीकरण

प्रत्येक बालबालिकाको शैक्षिक अधिकारको प्राप्तिका लागि समतामूलक पहुँच भएको शिक्षा जसले सबै प्रकारका बालबालिकाले सिक्न सक्छन भन्ने मान्यता राख्दछ। सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्दैन । यसर्थ, अपाङ्गता भएका, कार्यगत सीमितता तथा सिकाइमा कठिनाई भएका लगायत सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्ने शिक्षा नै समावेशी शिक्षा हो । समावेशी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी प्रदान गरिने शिक्षाको रूपमा लिने गरिन्छ । समावेशी शिक्षाले सबै सिकारुको सक्रिय सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्दै उनीहरूको विविध क्षमता र चाहनाको समेत सम्बोधन गर्ने प्रयास गर्दछ। यसको बाबजूद समावेशी शिक्षाले सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न सहयोग गर्ने तथा सबै बालबालिकामा रहेको विविधताको सम्मान गरी बालमैत्री शिक्षण सिकाइ वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा मद्दत गर्नेछ।

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.१ वर्तमान अवस्था

नाम्खा गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल करिब १६ वटा सामुदायिक विद्यालय र १ वटा धार्मिक विद्यालय रहेका छन्, जसमा करिब ८४४ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या करिब ५८.४१ प्रतिशत रहेका छन्।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब ८ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोत साधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ। समग्रमा हेर्दा, नाम्खा गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी

अनुगमन आवश्यक देखिन्छ।

## ४.३.२ समस्या तथा चुनौतीहरू

**समस्याहरू**

क) विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु,

ख) सिकाइ क्रियाकलापलाई सिकारुको चाहना, सिकाइ शैली र वैयक्तिक आवश्यकता अनुसार बनाउन नसक्नु,

ग) पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सह तथा अतिरिक्त क्रियाकलापमा समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु,

घ) सुरक्षित एवम् समावेशी पहुँच सहितको शैक्षिक वातावरणमा सबै प्रकारका बालबालिकाले शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको सुनिश्चितता गर्न नसक्नु,

**चुनौतीहरूः**

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।

## ४.३.२ लक्ष्य

क) समुदाय तथा सरोकारवालाहरूमा समावेशी शिक्षा सम्बन्धमा समान बुझाई विकास गर्नु,

ख) पहुँचयुक्त संरचना तथा सिकाइ वातावरणको सुनिश्चितताका लागि शिक्षामा लगानी वृद्धि गर्नु,

ग) गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## ४.३.३ उद्देश्य

क) विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा पहुँमा समतामूलक सुनिश्चित गर्नु,

ख) आर्थिक सामाजिक रूपले विपन्न, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्नु,

## ४.३.४ रणनीति तथा कार्यनीतिहरू

**१. अपाङ्गता तथा समावेशिता र समावेशी शिक्षाको कार्यान्वयनका लागि नीतिगत तथा कार्यक्रमगत सुधार गर्ने,**

क) समावेशी शिक्षासम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

ख) विद्यमान शिक्षा ऐन तथा नियमावलीमा समावेशी शिक्षा सम्बन्धी नीतिगत प्रावधान समावेश गरी अद्यावधिक गरिनेछ।

ग) लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न समूहका, जोखिममा रहेका र अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिकालाई सबै तहको शिक्षामा समान अवसर सुनिश्चित गर्न छात्रवृत्तिको प्रबन्ध गरिनेछ।

घ) अपाङ्गता भएका एवम् कार्यगत सीमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न पहुँचयुक्तता सहितका न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

**२. अपाङ्गता भएका, विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने,**

क) बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्दा उनीहरुको सिकाइ सीमितता पहिचान गर्न उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक सक्षमताको लेखाजोखा गरिनेछ।

ख) जटिल प्रकारका अपाङ्गता भएका कारण निरन्तर विद्यालयमा उपस्थित हुन कठिनाई भएका बालबालिकाहरूका लागि घरमा आधारित सिकाइको व्यवस्था गरिनेछ।

ग) सबै बालबालिकाहरूको आवश्यकता सम्बोधन गर्न सिकाइको विश्वव्यापी ढाँचाअनुसार बहुविधि, बहुसामग्री सहितको शिक्षण पद्दतीको विकास र प्रयोग गरिनेछ।

घ) समुदायमा रहेका विभिन्न सामुदायिक सञ्जाल युथ क्लव बालक्लव महिला समूह लगायतका सञ्जालहरू विकास गरी सामाजिक समानता सामाजिक न्याय लैङ्गिक विभेद, अपाङ्गता भएका प्रति गरिने विभेद जस्ता विषयक्षेत्रमा सचेतना अभिवृद्धि गरिनेछ।

शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गराउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागीता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | गाउँपालिकाबाट आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिका भएको सार्वजनिक घोषणा गरिएकोमा त्यस कार्यक्रमलाईलाई टिकाउ र निरन्तरता दिने। | | | | | | | | | |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम :

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.२ वर्तमान अवस्था

नाम्खा गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ। यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

गाउँपालिकाको एउटा माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुर्‍याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुर्‍याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.३ लक्ष्य

विद्यालय शिक्षा अन्तर्गत बालबालिकाको स्वस्थता र पोषणको अभिवृद्धि गर्ने

### ४.४ .४ उद्देश्य

१. खाजाका समयमा बालबालिकालाई स्वच्छ, स्वस्थ र पोषणयुक्त खाजाको सुनिश्चित गर्नु

२. स्वास्थ्य पोषण र सरसफाइलाई जीवनउपयोगी शिक्षाको अभिन्न अङ्ग बनाई बालबालिकाको सिकाइउपलब्धिमा सुधार गर्नु

### ४.४ .५ रणनीतिहरु

क) माध्यमिक तहका विद्यार्थी समेतलाई क्रमशः दिवा खाजाको प्रबन्ध गर्ने
ख) सरसफाइका लागि पर्याप्त पानी, साबुन र सेनेटाइजरको व्यवस्था मिलाई भान्सा तथा खाजा खाने ठाउँलाई सफा र स्वच्छ राख्ने किसोरीहरुका लागि को व्यवस्था गर्ने
ग) प्राथमिक उपचार तथा खोप प्रवन्ध मिलाउने
घ) जुका बिरुद्धको औषधि, आइरन चक्की, फोलिक एसिड आदिको मात्रा सुनिश्चित गरी वितरण गर्ने
ङ) सेनिटरी प्याडको पर्याप्तता निश्चित गरी प्रयोग भएका प्याडको डिस्पोजलको उचित व्यवस्था मिलाउने
च) दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने र स्वादिलोभन्दा स्वस्थिलो खाजाको प्रबन्ध गर्ने
छ) दिवा खाजा व्यवस्थापनका लागि डाइनिङसहितको भान्सा कोठा निर्माण गर्ने
ज) दिवा खाजाका लागि आवश्यक पर्ने भाँडावर्तनको व्यवस्था गर्ने
झ) स्थानीय कृषक अभिभावकसँग स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवा खाजा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने
ञ) पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण गरी विद्यालयमा पठाउने
ट) पालिकाको शिक्षा शाखाको समन्वयमा स्वास्थ्य शाखाबाट आवश्यकताका आधारमा विद्यार्थी र शिक्षकहरुको स्वास्थ्य परीक्षण र उपचार प्रबन्ध गर्ने
ठ) कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति स्वास्थ्य टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण गर्ने
ड) दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण गर्ने
ढ) पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था गर्ने
ण) शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध गर्ने
त) विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन गर्ने
थ) प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शले नेतृत्वदायी भूमिका खेल्ने

### ४.४ .६ अपेक्षित उपलब्धि

बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पठनपाठनको वातावरण चुस्त, दुरुस्त, उत्साहप्रद र आनन्ददायक हुने हुँदा सिकाइ उपलब्धि उल्लेख्य रुपमा वृद्धि हुने

### ४.४.७ नतिजा

बालबालिकाको आवधिक स्वास्थ्य अवस्था जाँच, भिटामिन, जुकाको औषधि, आइरन चक्की, सुक्ष्म पोषक तत्व तथा महिनावारीमा सेनेटरी प्याड को व्यवस्था भइसकेको हुनेछ।

### ४.४ .७ मुख्य कार्यकलापहरु

१. विद्यालय वातावरण स्वच्छ र बालबालिकाको स्वास्थ्य सरसफाइसँग सम्बन्धित ढाँचाको तयारी
२. दिवा खाजाका लागि आवश्यक पर्ने सबै सामग्रीहरुको प्रवन्ध र स्वच्छ खाजा घरको व्यवस्था
३. विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा स्वास्थ्य पोषण सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनको कार्यतालिका बनाई कार्य सञ्चालन
४. दिवा खाजाका लागि खाद्य सामग्री, सागपात तथा फलफूलको आपूर्ती गर्ने व्यक्ति वा संस्थासँग स्वस्थ्य एवं सफा प्रकृतिका खाद्य उपलब्ध गराउने बारे छलफल गरी मापदण्ड निर्धारण
५. Clean school green school अवधारणा अनुसार एक विद्यालय- एक बगैचा/करेसाबारीको अवधारणा कार्यान्वयन गरी यसलाई सिकाइमा समेत जोड्ने।
६. बालबालिको आवधिक स्वास्थ्य जाँच, जुकाको ओषधि, सुक्ष्म पोषक तत्वको आवश्यकता पूर्ती हुने
७. ट्याव्लेट, आइरन चक्की र फोलिक एसिडका साथै ९/१० वर्ष पुगेका बालिकाहरुलाई प्याडको उपलब्धता को प्रबन्ध
८. पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण र कार्यान्वयन
९. कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण
१०. दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण
११. पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था
१२. शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध
१३. विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन
१४. प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्सको नेतृत्वदायी भूमिका

विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि  अद्यावधिक र परिमार्जन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | |
| २ | घुम्ती स्वास्थ्यकर्मी/नर्समार्फत प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा प्रदान | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | विद्यालय | १० | ५ | १ | | | १५ | १५ | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | १५ | १५ | १५ | १५ | १५ | ७५ | | |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

# ४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता

### ४.५.१ परिचय

बालबालिकाले निरन्तर सिक्न पाउने अधिकार आपत्कालमा यो निकै कठिन हुन्छ । यस निम्ति जोखिमको पूर्व तयारी गरी प्रतिकार्य र पुनर्लाभको स्थितिसम्बन्धी कार्यढाँचा तयार गर्नुपर्ने हुन्छ । प्राकृतिक मानवीय तथा कोभिड सङ्क्रमण जस्ता आपत्कालीन स्थितिमा पनि बालबालिकाको सिकाइले निरन्तरता पूर्व तयारी हुँदा त्यस्ता प्रकोपबाट हुने क्षती कम गर्न र तत्काल क्षती विरुद्धको पुनर्लाभ हुन मद्दत पुग्नुका साथै छोटो अवरोधपछि कार्यक्रमले निरन्तरता पनि पाउँछ।

### ४.५.२ वर्तमान अवस्था

नाम्खा गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यम मार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।
साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ चुनौतीहरू तथा अवसर

आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अङ्गमा यसलाई समावेस गर्नै, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतीहरू रहेका छन ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निःशुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधाविहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ। विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुव्यवहार र शोषणबाट मक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन ।

### ४.५.३ उद्देश्य

१. बालबालिकाहरुलाई आपत्कालीन अवस्थाको प्रतिकार्यका लागि उपयुक्त कार्यढाँचा बनाई त्यसको अभिनयात्मक अभ्यास गराउनु

२. बालबालिकाहरुको तत्काल जीवन रक्षा, प्राथमिक उपचार, खाद्यान्न, शुद्ध पिउने पानीको प्रबन्धका साथै उनीहरुको सिक्न पाउने अवस्था सिर्जना गर्नु

### ४.५.४ रणनीतिहरु

१. शिक्षक र विद्यार्थीहरुको सहभागितामा संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थाको आँकलन गर्नु
२. संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थामा सुरक्षित रहनसक्ने तरिका बारे सचेतना बढाउनु
३. विपद्का समयमा सिकाइलाई निरन्तरता दिन बैकल्पिक प्रबन्धको पूर्व तयारीमा रहनु
४. सम्भावित प्रकोप र त्यसबाट हुनसक्ने क्षतिका सम्बन्धमा अग्रीम जानकारी गराउने र सतर्कता अपनाउन सचेत गराउनु
५. विपद्को समयका लागि शिक्षा निरन्तरता गर्ने व्यवस्थापन प्रतिकार्य र पुनर्लाभ सम्बन्धी आवश्यक नीति मार्गदर्शन तथा कार्यविधिहरु तयार गरिराख्ने
६. सिकाइको निरन्तरता, खाना, बास. पिउने पानी र प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरुको जोहो गरिराख्ने
७. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास तथा सङ्कटको बेलाको सुरक्षा र मानवीय सहयोगका लागि तत्ससम्बन्धी संस्थाहरुसँग जीवन्त सम्बन्ध राख्ने
८. जलवायु परिवर्तन र त्यसको प्रत्यक्ष परोक्ष प्रभाव बारे जनसमुदायलाई सचेत गराउँदै हरियाली वृद्धि अभियान र दिगो विकाससम्बन्धी चेतना वृद्धिमा जोड दिने
९. कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी थ्री आर (Reduce, Reuse and Recycle) को अवधारणालाई विद्यालय तहमै सिकाउने
१०. सङ्कटका समयमा पनि सहज सिकाइको प्रवन्ध हुने विद्यार्थी र अभिभावकमा सुनिश्चितता प्रदान गर्ने
११. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि जनशक्तिको क्षमता विकास गर्ने
१२. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टरनेट र सामग्री प्रवन्ध गर्ने
१३. सघन बस्तीका विद्यार्थीहरुको सिकाइका लागि सुरक्षित वातावरणमा आमने सामने पद्धतिको सिकाइ प्रवन्ध गर्ने
१४. परियोजना कार्यमा आधारित शिक्षणसिकाइको प्रवन्ध गर्ने
१५. विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध मिलाउनुपर्ने
१६. सिसि क्यामराको निगरानी मार्फत शिक्षक विद्यार्थी अभिभावक लगायतका सरकारवालाहरूको आचारसंहिता र विद्यालय सहित विद्यार्थीको सुरक्षाको सुनिश्चितता गर्ने।
१७. आपतकालिन शिक्षा योजना बनाई आवश्यक स्रोतको व्यवस्थापन गरी तयारी रहने ।

### ४.५ .५ उपलब्धि

१. विपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ।

२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ।

**४.५ .६ नतिजा**

आपत्कालीन अवस्थामा पनि बैकल्पिक तरिकाबाट पठनपाठनको निरन्तरता रहनेछ।

४.५.७ प्रमुख कार्यकलापहरु

क) विपत् व्यवस्थापनका निम्ति बनेका पूर्व नीति नियमहरुको पुनरावलोकन र आवश्यक संशोधन

ख) प्रतिकार्यका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास

ग) रेडक्रस, स्काउट, लायन्स, रोटरी क्लव आदिजस्ता संस्थाहरुसँग जीवन्त सम्बन्ध र सहकार्य

घ) आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी शिक्षकको क्षमता विकास

ङ) आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी अभिभावक सचेतना

च) विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध

छ) अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टर्नेट र सामग्री प्रबन्ध

विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | उत्थानसिलताका लागि सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। **शिक्षा नियमावली २०५९** अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। **राष्ट्रिय शिक्षा नीति २०७६** ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ। यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.१ वर्तमान अवस्था

नाम्खा गाउपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। गाउँपालिकाभित्र रहेका सामुदायिक र धार्मिक विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, नाम्खा गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

१. खेलमैदान भएका विद्यालयहरु करीव २० प्रतिशतमा राम्रो र अन्यमा सुधार गर्नु पर्ने
२. शौचालय सामान्यतया सबैमा रहेको तर महिला, पुरुष र अपाङ्गमैत्री तथा **WASH** सुविधा करीव ७० प्रतिशतमा नरहेको।
३. घेराबार भएका विद्यालय ८०% भएको, बाँकी बन्दै गरेका ।
४. छात्रावास, पुस्तकालय र वाचनालय ३५% नभएको ।

५. फर्निचर पर्याप्त भएको
६. स्वच्छ खानेपानी पर्याप्त।

## ४.६.१ समस्या तथा चुनौतीहरू

**समस्याहरू**

क) सङ्घीय सरकार र प्रदेश सरकारबाट शिक्षा सम्बन्धी आवश्यक नीति तथा ऐन/नियम तर्जुमा हुन नसक्नु,
ख) विद्यालय सञ्चालनको न्यूनतम भौतिक पूर्वाधारको अभाव जस्तै विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाका अनुपातमा पुस्तकालय, प्रयोगशाला समेतको लागि कोठाको अभाव हुनु,
ग) विद्यालयमा आवश्यक आर्थिक स्रोतको अभाव हुनु

**चुनौतीहरू**

- बालबालिकाको वैयक्तिक आवश्यकताअनुसार अपाङ्गतामैत्री संरचना र सिकाइ अभ्यासमा सुधार गर्नु,
- विद्यालय सञ्चालनका लागि न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत साधनको सुनिश्चितता गर्नु
- वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्नु
- सक्षम शिक्षकहरूमा प्रधानाध्यापक पद प्रति कम आकर्षण र उक्त पदको भूमिका सबल हुन नसक्नु

## ४.६.३ लक्ष्य

- अनुगमन, सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउनु
- विद्यालयको व्यवस्थापनलाई सुदृढ बनाई गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

## ४.६.४ उद्देश्य

योजनामा राखिएका लक्ष्य प्राप्तिका लागि तपसिलका उद्देश्यहरू राखिएका छन् :

क) गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय तहमा योजना निर्माण तथा कार्यान्वयन गर्ने ।
ख) विद्यालयमा सहभागिता, पारदर्शिता र जवाफदेहिता मार्फत शैक्षिक सुशासन कायम गर्ने ।
ग) विद्यालयको शैक्षिक सुधारको निम्ति प्रधानाध्यापकलाई जिम्मेवार एवम् उत्तरदायी बनाउने ।

## ४.६.५ रणनीति एवं कार्यनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरीने छ ।

२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घ संस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरीने छ
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा,शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी ,शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरीने छ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरीने छ ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
६. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरीने छ।
७. आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरीने छ।
८. विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गरिने
९. शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया हुनसक्ने सबै विद्यार्थी एकअर्कामा आमुने सामुने हुनसक्ने खालको बसाइ व्यवस्थापनका लागि सहयोग हुने खालको फर्निचरको व्यवस्थापन गरिनेछ।

### ४.६.६ अपेक्षित उपलब्धीहरू

१) शैक्षिक योजना तथा कार्यक्रमहरू सञ्चालन र व्यवस्थाका लागि समन्वय र सहकार्य गरी विद्यालयमा शैक्षिक सुशासनको वातावरण तयार हुनेछ।

२) विद्यालय एवं शैक्षिक संस्थाहरूमा पहुँचयुक्त भौतिक संरचना तथा पूर्वाधारको विस्तार एवम् संरक्षण भएको हुनेछ।

३) सामुदायिक विद्यालय एवं शिक्षण संस्थाहरूको सक्षमता अभिवृद्धि भएको हुनेछ।

४) आवश्यकताको आधारमा ऐन नियमावली कार्यविधि निर्माण र कार्यान्वयन गरी विद्यालय व्यवस्थापनलाई सहजीकरण भएको हुनेछ।

## विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पूर्वाधार बिकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | | १ | | | | १ | १ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | | २ | २ | २ | २ | ८ | १० | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

# ४.७ विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि ( Information and Communication Technology- ICT) भन्नाले कक्षा कोठामा कम्प्युटर र इन्टर्नेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने अर्थ लाग्दछ। सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्नुका साथै देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुयाउँछ। सूचना तथा सञ्चारका क्षेत्रमा सन् २००० पछि विश्वमा तीव्र गतिमा भएको प्रगतिले गर्दा शिक्षण सिकाइको शैलीमा मात्र नभएर सर्वसाधारण नागरिकको जीवन शैलीमा समेत आमूल परिवर्तन आएको छ। इन्टर्नेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरू अनलाइन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन् भने आमनेसामने पद्धतिका कक्षाहरू भर्चुवल कक्षामा रूपान्तरण भएका छन् । सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने छ। यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विशेष महत्त्व छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टर्नेटमा उपलब्ध हुन्छन् ।ताररहित र तारसहितको इन्टर्नेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुला शैक्षिक स्रोतको द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ। कोभिड- १९ ले शिक्षा जगत तथा मानव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि गर्ने सम्बन्धमा यो अवधि स्वर्ण अवसर सावित भएको छ।

### ४.७.१ वर्तमान अवस्था

नाम्खा गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। महाबौद्ध माध्यमिक विद्यालय र केहि आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, धेरै जसो विद्यालयमा ICT को पहुँच समान छैन।केहि विद्यालयमा नेटवर्क समेत नभएको परिस्थिति छ।विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।

समग्रमा, नाम्खा गाउँपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने प्रयास जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.२ समस्या र चुनौतीहरू

क) शिक्षकहरूको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,
ख) इन्टर्नेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सीपको कमी हुनु,
ग) सबै शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु ।

### ४.७.२ लक्ष्य

विद्यालय तहमा सूचना प्रविधिको पहुँच एवम् प्रयोगलाई विस्तार गर्ने ।

### ४.७.३ उद्देश्य

क) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु
ख) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु

### ४.७.४ रणनीति तथा कार्यनीतिहरू

**१. सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गर्ने ।**

क) शैक्षिक संस्थाहरूमा निःशुल्क रूपमा उच्च गतिको इन्टर्नेट सेवा विस्तारको लागि सहजीकरण गरिनेछ।

ख) स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरू शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ।

ग) अनलाइन तथा वैकल्पिक प्रविधिका साधनहरूलाई शिक्षण सिकाइमा परिपुरकको रूपमा प्रयोग गरी सिकाइ अवसर वृद्धि गरिनेछ।

**२. संस्थागत क्षमताको सुदृढीकरण गर्ने ।**

क) विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा कम्प्युटर, एलसिडी प्रोजेक्टर, टेलिभिजन, डिजिटल ह्वाइट, बोर्डसहितको आइसिटी प्रयोगशालाको स्थापना गरिने छ।

ख) विद्यालयमा क्रमशः ई पुस्तकालयको व्यबस्था गरिने छ।

ग) डिजिटल स्रोतसामग्री सहितको अनलाईन सिकाइ स्रोतकेन्द्र विकास गरी गाउँपालिकाभित्रका सबै विद्यालयहरूको पहुँच सुनिश्चित गरिनेछ।

**३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने ।**

क) अभिभावकका लागि सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

ख) शिक्षकहरूका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

ग) गाउँपालिकाभित्र कार्यरत जनशक्तिलाई अनलाइनमा आधारित पेशागत विकासका कोर्सहरूमा सहभागी हुन अभिप्रेरित गरिनेछ।

**४. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्ने ।**

क) शिक्षण सिकाइ क्रियाकलापमा डिजिटल सामग्रीको प्रयोग गरी सिकाइलाई दिगो एवम् सहभागितामूलक गराइनेछ।

ख) विद्यालयहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोगका लागि सुरक्षित एवम् सहज वातावरण बनाइने छ।

ग) गाउँपालिकामा डिजिटल प्रविधिमा आधारित सिकाइ पोर्टल विकास गरी प्रयोगमा ल्याइनेछ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सीप विकासका लागि उपयोगमा ल्याइनेछ।

### ४.७.६ उपलब्धि, नतिजा

क) सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुनेछ।
ख) शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ।
ग) शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ।
घ) सामुदायिक सिकाइ केन्द्रहरूबाट डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ५ | ११ | ० | ० | ० | १६ | १६ | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ओटा | | ४ | ४ | ४ | ४ | १६ | ३१ | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | १ | २ | ३ | ६ | १० | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टर्नेट लगायतको व्यवस्थापन (लागत सहभागीताका अधारमा) | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टर्नेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | १३० | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

दीर्घकालीन शिक्षा योजना अनुसार गाउँपालिकाले कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ। यसका लागि गाउँपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालिन लक्ष्य, उद्देश्यअनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवम् गाउँपालिकाको शैक्षिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्नु आवश्यक छ। यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइने छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुन मार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्र मध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटाकार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाको व्यवस्था गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले शिक्षा विकास निर्देशनालय मातहत प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर काम विहिन भएको पाइन्छ भने अर्को तिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.२ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने

ख) तिनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने

ग) गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने

घ) जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने

ङ) कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

**५.१.४ रणनीतिहरू**

**१. गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी परिवर्तित सन्दर्भ र दीर्घकालीन योजना अनुसार आवश्यक जनशक्ति योजना तयार गर्ने ।**

क) गाउँपालिकामा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ख) योजना अनुसार आवश्यक जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ।

ग) गाउँपालिकाबाट आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गरी निश्चित प्रक्रिया अवलम्बन गरी जनशक्ति आपूर्ति गरिनेछ।

घ) जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ।

**२. नक्साङ्कनका आधारमा विद्यालय तथा शिक्षक/कर्मचारी दरबन्दी वितरणलाई पुनरावलोकन गरी विद्यालय समायोजन, दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी संरचना तथा स्रोतको व्यवस्थापन गर्ने ।**

क) तोकिएका मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरिनेछ।

ख) विद्यार्थी सङ्ख्या, भौगोलिकता, कक्षा तथा विषयका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ।

ग) शिक्षक तथा कर्मचारीको दरबन्दी तथा स्रोत व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ।

**३. प्रत्येक वडा कार्यालयलाई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवार बनाउने ।**

क) वडा शिक्षा समिति गठन गरी क्षमता विकास गरिनेछ।

ख) वडा शिक्षा समितिलाई विद्यालय बाहिरका बालबालिका पहिचान गर्ने, विद्यालय भर्ना अभियान सञ्चालन गर्ने, अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने तथा सामुदायिक सिकाइ केन्द्रलाई सहजीकरण गर्ने कार्यमा जिम्मेवार बनाइनेछ।

ग) अपाङ्गता भएका वा अन्य कारणले विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित भएको घोषणा गर्ने विद्यालय तथा वडालाई तोकिएका आधारमा सम्मान र प्रोत्साहन गरिनेछ।

घ) वडा शिक्षा समितिको समन्वय र सहजीकरणमा अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**४. गाउँपालिकामा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको समूह गठन गरी परिचालन गर्ने ।**

क) शिक्षा क्षेत्रमा विशेष योगदान दिएका दक्ष, अनुभवी र निवृत्त विज्ञहरूको स्वयम्सेवी समूह गठन गरी (बिज्ञ समुह )

विद्यालय शिक्षाको समग्र सुधारका लागि परिचालन गरिनेछ।

(ख) शिक्षकहरूलाई कार्यथलोमा आधारित पेशागत सहयोग, कोचिङ्ग तथा मेन्टोरिङ्ग सहयोग प्रदान गर्नका लागि विज्ञसमूहलाई परिचालन गरिनेछ।

ग) विज्ञ समूहलाई समकालीन विषय तथा मुद्दाहरूमा अभिमुखीकरण गर्ने, अनुसन्धान कार्यमा सरिक गराउने तथा निरन्तर सिकाइ आदानप्रदान गर्ने व्यवस्था गरिनेछ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

**प्रमुख नतिजाः**

क) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने

ख) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने

ग) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने

घ) सेवा प्रवाह सहभागीतामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८६/८८ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

शिक्षा क्षेत्रको विकासका शिक्षा क्षेत्रको विकासका लागि हाल सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तरगत केन्द्रिय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । ७७ ओटै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन्। त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। यसै गरी प्रदेश तहमा सामाजिक विकास मार्फत् शिक्षा विकास निर्देशनालय, प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने प्रत्येक स्थानीय तहमामा शिक्षा शाखाको व्यवस्था गरिएको छ। पालिका स्तरमा स्थानीय सरकार संचालन ऐन- २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनमा तोकिए बमोजिमका २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन्।

### ५.२.१ वर्तमान अवस्था

यस गाउँपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसमा १ जना वरिष्ठ शिक्षा अधिकृत र १ जना प्राविधिक सहायक थप जिम्मेवारीमा रहनु भएको छ। उहाँहरू मार्फत् दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रूपमा अगाडी बढीरहेका छन्। सरकारका विभिन्न तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता यस पालिकामा देखिएको छ। समग्रमा, राज्यका तिनै तहका सरकारको एउटै लक्ष्य  र उद्देश्य भए तापनि संस्थागत संरचना र क्षमता विकास कार्यमा  आआफ्नानै कार्यशैली प्रस्तुत गरेका कारणले यस गाउँपालिकामा चाहे अनुरूप काम भने हुन नसकिरहेको अवस्था छ। भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यन्वयन गर्ने परिपाटीका लागि थप कार्यगर्नुपर्ने देखिन्छ ।

### ५.२.२ लक्ष्य

स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रवर्द्धन गर्ने

### ५.२.३ उद्देश्य

स्थानीय तहको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु

### ५.२.४ रणनीतिहरू

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने

च) विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने

छ) प्रारम्भिक बालविकास कक्षा मात्र सञ्चालित विद्यालयहरूको प्रशासनिक लगायतको कामकाजलाई व्यवस्थित गर्न तत् विद्यालयहरूलाई नजिकको अर्को विद्यालयलाई मातृ विद्यालय तोकी सोअनुसार व्यवस्था गर्ने

ज) विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने

झ) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

ञ) अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने

ट) सामुदायिक सिकाइ  केन्द्रमार्फत् सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

विभिन्न संयन्त्र विकास गरी कार्यान्वयनमा जोड दिइनेछ। जस्तै

**क) गाउँ शिक्षा समिति**

१. गाउँपालिकाको शिक्षा ऐन अनुसार गठित गाउँ शिक्षा समितिको सचिवालयको काम गाउँपालिकाको शैक्षिक प्रशासन शाखाले गर्नेछ।

२. समितिलाई अनिवार्य तथा  निःशुल्क शिक्षाको प्रबन्धलाई सुनिश्चित गर्ने, विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालय भर्नाका लागि योजना तयार गर्न लगाइ कार्यान्वयन गर्ने, गुणस्तर सुधारका लागि सञ्चालित विभिन्न योजना कार्यान्वयनको अनुगमन गर्ने, उपलब्ध स्रोतको न्यायोचित वितरण गर्ने, गुणस्तरीय शिक्षाका लागि विभिन्न सरोकारवालाहरू विच अन्तर्क्रिया गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यालय वातावरणलाई भयमुक्त तथा स्वस्थ र सफा राख्ने लगायतका कार्यहरूका लागि जिम्मेवार बनाइनेछ।

**ग) वडा शिक्षा समिति**

१. गाउँपालिकाका प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई विद्यालय शिक्षाको योजना, तथ्याङ्क व्यवस्थापन, विद्यालयको व्यवस्थापन, गुणस्तर सुधार तथा निरीक्षणका लागि जिम्मेवार बनाइनेछ।

२. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा सहजीकरण गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

३. वडास्तरीय विभिन्न सञ्जालहरूलाई प्रभावकारी परिचालन गरी अभिभावक शिक्षा, सचेतना अभिवृद्धि गर्ने कार्यमा वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

**घ) विज्ञसमूह**

१. गाउँपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शैक्षिक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ।

२. गाउँपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ।

३. आवधिक रूपमा विज्ञसमूहको सूची अद्यावधिक गरिनेछ।

४. विज्ञसमूहको काम, कर्तव्य र जिम्मेवारी गाउँपालिकाबाट तय गरिनेछ।

**घ) सुपरिवेक्षण तथा सहयोगको प्रबन्ध**

१. गाउँपालिकाको गाउँ शिक्षा समिति नै शिक्षा क्षेत्रको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख अङ्गको रूपमा रहनेछ।

३. गाउँपालिकाको शैक्षिक योजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा आवश्यकताअनुसार विभिन्न उपसमिति वा कार्यसमूह गठन एवम् परिचालन गरिनेछ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः** स्थानीय तहको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चचतता भएको हुने

**प्रमुख नतिजाः**

- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ

- सेवा प्रवाह सहभागीतामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ५ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धि कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | सङ्ख्या | | १ | | | | १ | १ | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

गाउँपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ । शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएता पनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ । यसबाट दीर्घकालसम्म पर्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्त्वपूर्ण हुन्छन् । गाउँपालिकाको दीगो आर्थिक विकास र समुन्नतिका लागि आवश्यक जनशक्तिको आपूर्ति, सरोकारवालाहरूको सशक्तीकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता, दीगो विकासका लक्ष्यहरूको प्राप्तिमा सहजीकरण जस्ता पक्षहरूमा शिक्षा क्षेत्रले खेल्ने भूमिका अहम् रहन्छ । यसका लागि शिक्षा क्षेत्रमा गरिने लगानी प्रमुख कारकको रूपमा रहेको कुरा अन्तर्राष्ट्रिय स्तरमा नै स्थापित भैसकेको छ। विभिन्न मुलुकहरूले शिक्षा क्षेत्रमा उच्च प्राथमिकतासहित लगानी गर्दै आइरहेको र यसबाट मुलुकको आर्थिक विकास र समृद्धि उच्चतहमा पुगेका प्रशस्त उदाहरणहरू छन् ।

नेपालको संविधानले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा निर्धारण गरेको छ। साथै साझा अधिकारको सूचीमा प्रदेश तथा संघले खेल्नुपर्ने भूमिका उल्लेख गरिएकोले पनि यस क्षेत्रको महत्व पुष्टि हुन्छ । तर राष्ट्रिय बजेटमा शिक्षाको प्रतिशत लक्ष्य अनुसार विनियोजन हुन सकेको अवस्था छैन । स्थानीय तहमा सशर्त तथा समन्यायिक अनुदानको रूपमा वार्षिक रूपमा बजेट व्यवस्थापन हुँदै आएको भएतापनि स्रोत अपर्याप्त रहेको छ। यस अवस्थामा स्थानीय सरकारबाट शिक्षा क्षेत्रमा हुने लगानी महत्त्वपूर्ण हुने देखिन्छ ।

## ७.२ वर्तमान अवस्था

यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ । अन्तर्राष्ट्रिय सन्दर्भ केलाउँदा धेरै जसो विकासोन्मुख तथा विकासशील देशहरूले शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी गर्दै आएको देखिन्छ । नेपाल सरकारले समेत विभिन्न योजना तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा कम्तीमा २० प्रतिशत पुयाउने प्रतिवद्धता जाहेर गरेतापनि करीब १० देखि १२ प्रतिशतको हाराहारीमा मात्र लगानी गर्दै आएको छ। यो लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ। यस परिप्रेक्ष्यमा नाम्खा गाउँपालिकाले यो योजना कार्यान्वयनका लागि कम्तीमा पनि ३३ प्रतिशत बजेट लगानी गर्न आवश्यक देखिन्छ । यसका आधारहरू देहायअनुसार उल्लेख गर्न सकिन्छः

क) साक्षर गाउपालिकको अवधारणालाई निरन्तरता दिई कार्यमूलक साक्षरता तथा आयआर्जनका कार्यक्रम सञ्चालन गर्न,

ख) गुणस्तरीय एवम् सर्वसुलभ बाल विकास, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्न, गुणस्तरीय शिक्षामा

समतामूलक एवम् समावेशी पहुँच बढाउन, सुरक्षित तथा बालमैत्री शैक्षिक वातावरण तयार गर्न, तथा बालबालिकाको शैक्षिक उपलब्धि सुधार गर्न

ग) योजनाको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समितिका पदाधिकारीको क्षमता विकास गर्न,

घ) बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता तथा सहयोगका लागि अभिभावक शिक्षा, सचेतना अभिवृद्धि तथा विद्यमान परम्परागत हानीकारक अभ्यास तथा विभेद न्यूनीकरणका लागि समुदायमा सचेतना अभिवृद्धि गर्न,

ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई वढावा दिन विद्यालयमा आधारित आइसिटी ल्याब लगायतका पूर्वाधार विकास तथा सूचना प्रविधिमा आधारित नवीनतम कार्यक्रमहरू सञ्चालन गर्न, च) घुम्ती पुस्तकालय, घुम्ती शिक्षक, एक विद्यालय एक पुस्तकालय, विद्यालयमा एक विषय एक प्रयोगशाला, एक विद्यालय एक स्वास्थ्य परिचारिका, सिक्दै कमाउँदै कार्यक्रम, ल्यावस्कूलको अवधारणा प्रवर्तनात्मक एवम् गुणात्मक कार्यक्रमहरू कार्यान्वयन गर्न,

नाम्खा गाउँपालिकाको शिक्षातर्फका लागि ५ वर्षको स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

| क.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट (लाखमा ) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ३२८३.५४ | ९०.१५ | |
| २ | प्रदेश सरकार | ५.०० | ०.१४ | |
| ३ | स्थानीय सरकार | ३५३.६७ | ९.७१ | |
| ४ | सङ्घ संस्था तथा दातृनिकाय | ० | ० | |
| ५ | अभिभावक तथा समुदाय | ० | ०.० | |
| ६ | अन्य | ० | ०.० | |
| | **जम्मा** | **३६४२.२१** | **१००.००** | |

### ६.३ लक्ष्य

शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

### ६.४ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ६.५ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागीता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाईने,

घ) वार्षिक रूपमा कुल बजेटको ३५ प्रतिशत भन्दा माथि बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने ,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई  वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाईने ।

## ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**प्रमुख नतिजाः**

- उपलब्ध स्रोतको अनुमान र विश्लेषण
    - अपेक्षा र नीतिका आधारमा अनुमान, स्रोतको उपलब्धताको अनुमान
- प्रस्तावित कार्यक्रम र बजेट अनुमान
    - प्रस्तावित बजेटमा नपुग  स्रोत पूरा गर्ने उपाय

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २००० | २०६० | २१२२ | २१८५ | २२५१ | १०६१८ | |
| २ | आधारभूत शिक्षा | २९८५६ | ३०७५२ | ३१६७४ | ३२६२४ | ३३६०३ | १५८५१० | |
| ३ | माध्यमिक शिक्षा | १०१९१ | १०४९७ | १०८१२ | ११९३६ | ११४७० | ५४१०५ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | १६०० | १६४८ | १६९७ | १७४८ | १८०१ | ८४९५ | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | १६५० | १७०० | १७५० | १८०३ | १८५७ | ८७६० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | १९९३ | २०५३ | २११४ | २१७८ | २२४३ | १०५८१ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ६०० | ६१८ | ६३७ | ६५६ | ६७५ | ३१८५ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ३२७ | ३३७ | ३४७ | ३५७ | ३६८ | १७३६ | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ३०१० | ३१०० | ३१९३ | ३२८९ | ३३८८ | १५९८० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ५०० | ५१५ | ५३० | ५४६ | ५६३ | २६५५ | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ६६०० | ६७९८ | ७००२ | ७२१२ | ७४२८ | ३५०४० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ८३३ | ८५८ | ८८४ | ९१० | ९३८ | ४४२३ | |
| | **जम्मा** | **५९१६०** | **६०९३५** | **६२७६३** | **६४६४६** | **६६५८५** | **३१४०८८** | |

ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | 0 | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | **०** | **०** | **०** | **०** | **०** | **०** | |

ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १००० | १०२० | १०४० | १०६१ | १०८२ | ५२०४ | |
| २ | आधारभूत शिक्षा | ११५० | ११७३ | ११९६ | १२२० | १२४५ | ५९८५ | |
| ३ | माध्यमिक शिक्षा | १४५२ | १४८१ | १५११ | १५४१ | १५७२ | ७५५६ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | २०० | २०४ | २०८ | २१२ | २१६ | १०४१ | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | २०० | २०४ | २०८ | २१२ | २१६ | १०४१ | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ३१३ | ३१९ | ३२६ | ३३२ | ३३९ | १६२९ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १२१० | १२३४ | १२५९ | १२८४ | १३१० | ६२९७ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | १०० | १०२ | १०४ | १०६ | १०८ | ५२० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ५०० | ५१० | ५२० | ५३१ | ५४१ | २६०२ | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | १२५ | १२८ | १३० | १३३ | १३५ | ६५१ | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | १०० | १०२ | १०४ | १०६ | १०८ | ५२० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ३५० | ३५७ | ३६४ | ३७१ | ३७९ | १८२१ | |
| | **जम्मा** | **६७००** | **६८३४** | **६९७१** | **७११०** | **७२५२** | **३४८६७** | |

घ) अन्य सङ्घसंस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा खर्च हुने अनुमानित बजेट

तत्कालका लागि कुनै पनि अन्त/राष्ट्रिय गैर सरकारी संघसंस्थाहरूको दिर्घकालिन स्वीकृत कार्यक्रम नभएकाले यो खण्डमा सो अनुसार अद्यावधिक गरिदै लगिनेछ।

| **क्र.स.** | **अनुदान प्राप्त हुने उपक्षेत्र / विषय** | **आर्थिक वर्ष** | | | | | **५वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | **०** | **०** | **०** | **०** | **०** | **०** | |

## ६.७ वित्तीय योजनाको सारांश

| क्र.स. | विद्यालय शिक्षाका मुख्य तथा अन्तरसम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजना अवधिको कुल लागत | लक्ष्य(५ वर्ष) | | | | | श्रोत आँकलन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | संघ | प्रदेश | स्थानीय तह | संघ संस्था | अन्य |
| १ | **विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** | | | | | | | | | | | |
| क | प्रारम्भिक बालविकास तथा शिक्षा | १५८२२ | ३००० | ३०८० | ३१६२ | ३२४७ | ३३३३ | १०६१८ | ० | ५२०४ | ० | |
| ख | आधारभूत शिक्षा | १६४४९४ | ३१००६ | ३१९२५ | ३२८७१ | ३३८४५ | ३४८४८ | १५८५१० | ० | ५९८५ | ० | |
| ग | माध्यमिक शिक्षा | ६१६६२ | ११६४३ | ११९७८ | १२३२२ | १२६७७ | १३०४२ | ५४१०५ | ० | ७५५६ | ० | |
| घ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ९५३५ | १८०० | १८५२ | १९०६ | १९६१ | २०१७ | ८४९५ | ० | १०४१ | ० | |
| ङ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ९८०१ | १८५० | १९०४ | १९५९ | २०१५ | २०७४ | ८७६० | ० | १०४१ | ० | |
| २ | **अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | | | | | | | | | | | |
| क | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | १२२१० | २३०६ | २३७२ | २४४० | २५१० | २५८२ | १०५८१ | ० | १६२९ | ० | |
| ख | शिक्षक व्यवस्थापन र विकास | ९४८२ | १८१० | १८५२ | १८९५ | १९४० | १९८५ | ३१८५ | ० | ६२९७ | ० | |
| ग | शिक्षामा समता र समावेशीकरण | २२५६ | ४२७ | ४३९ | ४५१ | ४६३ | ४७६ | १७३६ | ० | ५२० | ० | |
| घ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | १८५८३ | ३५१० | ३६१० | ३७१४ | ३८२० | ३९२९ | १५९८० | ० | २६०२ | ० | |
| ङ | विद्यालय सरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | ३३०५ | ६२५ | ६४३ | ६६१ | ६७९ | ६९८ | २६५५ | ० | ६५१ | ० | |
| च | विद्यालय भौतिक पूर्वाधार विकास | ३५५६१ | ६७०० | ६९०० | ७१०६ | ७३१८ | ७५३७ | ३५०४० | ० | ५२० | ० | |
| छ | विद्यालयमा सूचना तथा प्रविधि | ६२४४ | ११८३ | १२१५ | १२४८ | १२८२ | १३१६ | ४४२३ | ० | १८२१ | ० | |
| ३ | शिक्षाको व्यबस्थापन र संस्थागत क्षमता विकास | १२५१६ | २२६५ | २३७८ | २४९७ | २६२२ | २७५३ | १२५१६ | ० | ० | ० | |
| ४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ७५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १००० | ५०० | ५०० | ० | |
| | कुल जम्मा | ३६४२२१ | ६८६७५ | ७०६९७ | ७२७८१ | ७४९२८ | ७७१४१ | ३२८३५४ | ५०० | ३५३६७ | ० | |
| | प्रतिशतमा कूल जम्मा | १००.००% | १८.८६% | १९.४१% | १९.९८% | २०.५७% | २१.१८% | ९०.१५% | ०.१४% | ९.७१% | ०.००% | |

# परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति भए त्यसको लक्षित प्रतिफल योजना अनुरूप ठीकसँग भइरहेका छन् वा छैनन् भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो ।अनुगमन तथा मुल्याङकन को मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

## ७.१ वर्तमान अवस्था

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिनेछ। सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । नाम्खा गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भएनभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ।

नाम्खा शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।

दीर्घकालीन सोच, दूरदृष्टि तथा लक्ष्यका आधारमा गाउँपालिकाले योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन समन्वय र सहजीकरण गर्नुपर्छ। नतिजामुखी योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनलाई विशेष ध्यान दिनुपर्छ । लक्षित उपलब्धि हासिल गरी दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि संघ, प्रदेश तथा स्थानीय तहमा समेत उचित एवम् प्रभावकारी समन्वय स्थापित गर्न जरुरी छ।

## ७.२ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

## ७.३ उद्देश्य

क) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु

ख) योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

ग) अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु

## ७.४ रणनीतिहरू

क) गाउँपालिकाले सहभागितामूलक एवम् नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ।

ख) गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिहरूलाई सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार बनाइनेछ।

ग) संघ तथा प्रदेशका अनुगमन तथा मूल्याङ्कनसँग सम्बद्ध विभिन्न निकायहरूसँग उचित समन्वय तथा सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ।

घ) वार्षिक कार्ययोजनाको अङ्गको रूपमा अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना कार्यान्वयनमा ल्याइने छ।

ङ) अनुगमन तथा मूल्याङ्कनमा आधुनिक विधि, प्रविधि तथा प्रक्रिया अवलम्बन गरिनेछ।

च) अनुगमन तथा मूल्याङ्कनका प्रासिका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिनेछ।

छ) गाउँपालिकामा कार्यरत जनशक्तिको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सक्षमता विकास गरिनेछ।

ज) गाउँपालिका भित्र कार्य गर्ने विभिन्न सरकारी तथा गैह सरकारी निकायहरू विच समन्वय गरी अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाइने छ।

## ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**<u>उपलब्धिः</u>**

योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**<u>प्रमुख नतिजाः</u>**

क) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,

ख) अनुगमनका आधारमा नतिजा सुधार हुने,

ग) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,

घ) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,

ङ) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

## अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य( पहिलो ५ वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | १० वर्षको लक्ष्य | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | गाउँपालिका | २ | २ | २ | २ | २ | १० | २० | सङ्घ, स्थानीय तह |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने | पटक | | १ | | | | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | सङ्घ तथा प्रदेश |
| ४ | विद्यार्थीको सिकाइ उपलव्धी परिक्षण गर्ने | कक्षा | | ३ | ५ | ८ | १० | ४ | ४ | सङ्घसँग समन्वय गरेर |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | ५ | सङ्घ, स्थानीय |
| ६ | विद्यालयमा गरिने सामाजिक परिक्षणलाई प्रभावकारी र नियमित बनाउने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ७ | विद्यालयहरूको लेखापरीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | गाउँपालिका | ५ | १० | ३० | ४० | ४० | | | |
| ९ | विज्ञ समूह, विद्यालयनिरीक्षक तथा शिक्षक सिकाइ समूह मार्फत, शिक्षा शाखा मार्फत् विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १० | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ११ | प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १२ | स्थानीय तहद्धारा कक्षा अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

# अनुसूची १: क्रियाकलाप अनुसार ५ वर्षको वित्तिय योजना

## अनुसूची २: शिक्षा क्षेत्र योजना निर्माण समिति

| क स | सदस्यहरूको नाम | पद | संस्था |
|---|---|---|---|
| १ | सोनामक्थाप लामा | संयोजक | नाम्खा गाउँपालिका |
| २ | पुरूषोत्तम देवकोटा | सदस्य | प्रमुख प्रशासकिय अधिकृत,नाम्खा गाउँपालिका |
| ३ | मोहन शाही | सदस्य | योजना शाखा प्रमुख, नाम्खा गाउँपालिका |
| ४ | श्रीधर कार्की | सदस्य | प्रअ, महाबौद्ध मा वि, नाम्खा गाउँपालिका |
| ५ | शारदा शाही बस्नेत | सदस्य | शिक्षक, नाम्खा गाउँपालिका |
| ६ | तोया प्रसाद अम्मै | सदस्य | तालिम विशेषज्ञ, आधार विकास नेपाल |
| ७ | डम्बर बहादुर खराल | सदस्य सचीव | वरिष्ठ शिक्षा अधिकृत, नाम्खा गाउँपालिका |
| | | | |


## अनुसूची ३: सरोकारवाला भेलाका केही फोटोहरू














# अनुसूची ४: गाउँ शिक्षा योजना सम्बन्धि निर्णयहरू